**डेङ्गुबाट बचौं**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांसपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु,
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com

**घर/फ्ल्याट भाडामा चाहियो**

नर्सिङ विद्यार्थी तथा कर्मचारी बस्ने घर तथा फ्ल्याट भाडामा तुरुन्त चाहियो।

एरिया: मुर्ली, पानीटयाङ्की, भिस्वा, श्रीपुर, राधेमाई।

सम्पर्क: ९८०१६६८२९६

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 05 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६७

## कारबाईको भयले जनप्रतिनिधिहरू लुकीछिपी चुनावी प्रचारमा

प्रस, वीरगंज, १८ कात्तिक/

निर्वाचन आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन प्रचारमा शिक्षक, कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूको सहभागितालाई वर्जित गरे पनि पर्सा जिल्लामा यी तीनै तहका मानिसहरू निर्वाचन प्रचारप्रसारमा संलग्न रहेका पाइएको छ।






उम्मेदवारी दर्ता गर्दादेखि घरदैलो र अहिले जनसभा, कोणसभा शुरू भइसक्दा पनि शिक्षक, कर्मचारी, जनप्रतिनिधिहरू लुकीछिपी चुनावी कार्यक्रममा सहभागी भइरहेका छन्। मनोनयन दर्तामा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू खुलेर लागेका थिए। यसैगरी, घरदैलोमा पनि केही जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नता देखिएको थियो।

अहिले निर्वाचन आयोग आचारसंहिता पालनाको कुरामा पहिलेभन्दा कठोर भएपछि जनप्रतिनिधिहरू लुक्न थालेका हुन्। मनोनयन दर्तामा वीरगंज महानगरका प्रमुख राजेशमान सिंह आफू निर्वाचित पार्टीका उम्मेदवारहरूको मनोनयन दर्ता गर्न खुलेआम सहभागी भएका थिए। त्यसपछि उनी अहिले चुनावी प्रचारप्रसारबाट टाढिएका छन्। निर्वाचन आचारसंहिता उल्लङ्घनमा कारबाईमा पर्ने भनेर उनी हचकिएका हुन्। निर्वाचन आयोगले निर्वाचित भइसकेपछि हरहिसाब नबुझाउँदा उनलाई जरिवाना गरेको र



अब पुनः निर्वाचन आचारसंहितामा कारबाई हुन सक्ने देखेर उनी निर्वाचनको कार्यक्रमबाट टाढिएका हुन्।

जसपाबाट जितेका उनी पर्सा क्षेत्र नं १ बाट प्रतिनिधिसभाका उम्मेदवार प्रदीप यादव, प्रदेशसभा सदस्य एवं प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीको चुनावी प्रचारमा खुलेर लागेका थिए। पछि उनी लुकेपछि यादव र गद्दीसँग उनको मनमुटाव भएकोले चुनावी प्रचारमा सहभागी नभएको हल्ला पनि चलेको थियो तर वास्तविकतामा उनी आयोगले आचारसंहिता उल्लङ्घनमा कारबाई गर्ने भनी टाढिएका हुन्।

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान पनि नेकपा एमालेका उम्मेदवार राजकुमार गुप्ताको पक्षमा खुलेर लागेका थिए। मनोनयन दर्ता, घरदैलो कार्यक्रममा उनको प्रत्यक्ष संलग्नता थियो तर उनले पनि निर्वाचित भएपछि हरहिसाब नबुझाउँदा दण्डित भएको र पुनः आचारसंहिता उल्लङ्घनमा कारबाई हुन सक्ने भनेर प्रचारप्रसारबाट टाढिएका छन्।

पर्सा क्षेत्र नं ४ बाट लोकतान्त्रिक वाम गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकाका रमेश रिजालको पक्षमा जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव खुलेर लागेका थिए। उनी पनि अहिले थप कारबाईको भयले चुनावी प्रचार अभियानमा लुकीछिपी सहभागी भइरहेका छन्। सोही क्षेत्रबाट जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्यमा एमालेका उम्मेदवार जालीम मियाँको पक्षमा ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठ पनि चुनावी प्रचारमा देखिएका छन्। पछिल्लो समयमा उनले पनि अन्य जनप्रतिनिधिजस्तै लुकीछिपी चुनावी प्रचारमा सघाउन थालेका छन्। नगरप्रमुख, गापा अध्यक्षहरू लुकेर चुनावी प्रचारमा सहभागी हुन थालेपछि अहिले यसको असर वडाध्यक्ष, सदस्यहरूमा पनि परेको छ। उनीहरू पनि मास्क लगाएर, क्यामरामा नआउने गरी चुनावी प्रचार अभियानमा लागेका छन्।

शिक्षक, कर्मचारीको हकमा आयोगले सम्बन्धित कार्यालयलाई सहभागी कर्मचारीलाई स्पष्टीकरण सोध्ने, कारबाई गर्ने अख्तियारी दिएको छ। पर्सा जिल्लामा अधिकांश शिक्षक राजनीतिमा जोडिएका छन् र उनीहरूको संलग्नता पनि चुनावी प्रचारमा लुकीछिपी छ। कर्मचारीहरू पनि मास्क लगाउने र उम्मेदवारभन्दा टाढा रहेर क्यामरामा नपर्ने गरी चुनावी प्रचारमा खटेका छन्।

## के दलितले याद गर्नेछन् चुनावको बेला जनता आवासको पीरमर्का

प्रस, वीरगंज, १८ कात्तिक/

देश अहिले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको चुनावमा होमिएको छ। हरेक प्रदेशका




जिल्लाहरूमा विभिन्न राजनीतिक दलका उम्मेदवारहरू विभिन्न घोषणापत्र वा मौखिकरूपमैं आफ्ना एजेन्डाहरू मतदाताहरूसक्षम राखेर मतदातालाई मनाउने प्रयास गरिरहेका छन्।

हरेक चुनावमा साधनको रूपमा प्रयोग गरिने जाति हो- तराई-मधेसको दलित समुदाय। यी समुदायलाई मौका परेको बेला प्रयोग गर्ने तर राज्यबाट प्रवाह गरिने सेवा-सुविधाको नाममा केन्द्र, प्रदेश र स्थानीय सरकार तीनै तहले आजको एक्काइसौं शताब्दीमा पनि विभेद गरेको देखिन्छ। केन्द्र सरकारको २०६६/६७ को बजेटमा जनता आवास कार्यक्रमको अवधारणा ल्याइएको थियो। तर केन्द्र सरकारले उक्त कार्यक्रममा बजेट विनियोजन गर्न २०७२/७३ सम्म अर्थात् छ वर्ष समय लगायो।

त्यसपछि देशमा सङ्घीयता आइसकेपछि केन्द्र सरकारले जनता आवास कार्यक्रम प्रदेश सरकारलाई जिम्मा दियो र प्रदेश सरकार मातहतकै भौतिक पूर्वाधार विकास मन्त्रालयले २०७४/७५ देखि आठवटै जिल्लामा जनता आवास कार्यक्रम जिल्लास्तरमा समिति गठन गरेर उक्त बजेट वितरण गरी काम गराउने गरेको छ।

मधेस प्रदेशका आठ जिल्लामध्ये पर्सा, बारा, रौतहटको लागि वीरगंजमा प्रदेश सरकारको शहरी विकास तथा भवन कार्यालय सञ्चालनमा छ भने सर्लाही, महोत्तरी, धनुषाको लागि जनकपुरमा र सप्तरी, सिराहा हेर्न राजविराजमा कार्यालय सञ्चालनमा छन्। पहिलेको केन्द्र सरकार मातहत शहरी भवन तथा डिभिजन कार्यालयका कर्मचारीहरूलाई समायोजन गरी उक्त कार्यालयहरू खडा गरिएको हो। मधेस प्रदेशमा मात्रै प्रत्येक वर्ष प्रतिजिल्ला रु १५ करोडको हाराहारीमा बजेट दिइन्छ। तर उक्त बजेटमा वास्तविक लाभग्राहीभन्दा बिचौलियाहरूको हालीमुहाली बढ्दै गएको छ।

खासगरी जनता आवास कार्यक्रम दलित, विपन्न एवं सीमान्तकृत समुदायका डोम, मुसहर, मेस्तर, हलखोर एवं सीमान्तकृतमा एकल महिला, चमार, राम, पासवान, शहीदका घरबारविहीन परिवारहरूको लागि घर बनाउने योजना रहेको छ। तर आर्थिकरूपमा उनीहरू यति कमजोर हुन्छन् कि पहिलो किस्ता उठाउन पनि जगसम्मको घर बनाउन सक्दैनन्। त्यसैमा गाउँका टाठाबाठा र अगुवाहरूले खेल्ने गरेका छन्। तीन लाख ३६ हजारको घर बनाउन सरकारबाट तीन किस्तामा भुक्तानी दिने गरिएको छ। १० बाई १० को दुईटा कोठा र बरन्डा निर्माण गर्न जगसम्मको काम गरेबापत रु एक लाख ७० हजार, पर्खाल लगाएपछि एक लाख ६८ हजार, छानो छाउन ५० हजार ४०० गरी तीन लाख ३६ हजार बजेट दिने गरिएको छ।

अर्को कुरा दलित, विपन्न, सीमान्तकृत समुदायले स्वतः निवेदन दिएर उक्त कार्यक्रम प्रत्यक्षरूपमा पाउँदैनन्। जसले गर्दा उनीहरू हरेक वर्ष अर्काको मुख ताक्नुपर्ने र दिनदिनै सदरमुकाममा रहेको शहरी विकास तथा भवन कार्यालयमा धाउन बाध्य हुन्छन्।

वीरगंज महानगर-२८ बगहीका राजमन महराले भने, "जनताको योजना भन्छन् तर हाम्रो अधिकारमा केही छैन। सबै गाउँका मुखियाजीहरूले गर्नुहुन्छ, हेर्नुहुन्छ।" हरेक वर्ष जिल्लामा जनता आवास कार्यक्रम वितरण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयबाट तोकिएको जिल्ला संयोजक र जिल्लाका प्रदेश सांसदहरूको संयुक्त बैठकमा कुन प्रदेशसभा क्षेत्रको कुन टोलमा कतिजनालाई घर बनाउनुपर्ने आवश्यकता छ, सोको निर्णयको आधारमा उक्त कार्यक्रम वितरण हुने गरेको शहरी विकास तथा भवन कार्यालय, पर्साका निमित्त कार्यालय प्रमुख इन्जिनीयर रुद्रनारायण दासले बताए। उनका अनुसार पर्सामा चालू आवमा मात्रै ४०० र बारामा ८२६ घर बनाउने लक्ष्य राखिएको छ। तर रौतहटमा यसअघिका डिभिजन प्रमुख राजेन्द्र साहले ४८० घर बनाउन सम्झौता गर्नुपर्नेमा एक हजार २८० घर बनाउन सम्झौता गरिसकेकाले पुरानै सम्झौताका कामलाई अघि बढाइएकोले नयाँ काम गर्न नपाइएको उनले बताए।

यसको मतलब राजनीतिमा सक्रिय एवं जितेका प्रदेश सांसदहरूको भोटबैंक भनेर चिनिने गाउँहरूलाई प्राथमिकतामा राखेर जनता आवास कार्यक्रममा राजनीतिक हस्तक्षेप गरिन्छ। हरेक चुनावमा दलितलाई प्राथमिकतामा राखिन्छ तर तीन लाख ३६ हजारको आवास कार्यक्रम उनीहरूको लागि फलामको च्युरा चपाउनुसरह भएको छ। तसर्थ दलितहरूले आगामी चुनावमा आफ्ना मुद्दाहरू मत माग्न आउने नेताहरूसमक्ष तेर्स्याउँछन् कि तेर्स्याउँदैनन् भन्नेमा सम्झना गराउन आवश्यक छ।

प्रदेशभरिमा हरेक वर्ष करीब चार हजार दलित, विपन्न र सीमान्तकृत परिवारका लागि जनता आवास कार्यक्रम मातहत घर निर्माण गर्नुपर्ने प्रदेश सरकारको लक्ष्य छ। यो एउटा महत्त्वाकाङ्क्षी योजना हो तर यसको नीति, नियम र कार्यविधिको खुकुलोपनले यो कार्यक्रम नेता र बिचौलियाको चङ्गुलमा फस्दै गएको दलित समुदायले

(बाँकी पाँचौं पातामा)

## कहाँनिर चुक्दैछ सिंचाइमा मधेस सरकार

प्रस, परवानीपुर, १८ कात्तिक/

मानव सूचकाङ्कमा सबैभन्दा पछि परेको प्रदेश हो, मधेस प्रदेश। मधेस प्रदेशमा अहिले चुनावी सरगर्मी बढेको छ। हरेक पाँच वर्षमा चुनाव आउने, नेता जितेर जाने, देशको व्यवस्था र सरकार बदलिए तापनि जनताको अवस्था नबदलिएको मतदाताहरूको गुनासो छ।

मधेस प्रदेशको प्रमुख प्राथमिकतामा कार्यक्रम तथा बजेट ल्याउनुपर्ने क्षेत्र हो, कृषि। यस प्रदेशका करीब ८० प्रतिशत जनता कृषिमा आधारित छ। यहाँ प्राकृतिक स्रोत, साधन पर्याप्त छैन। पर्यटनमा खासै सम्भावना छैन। रोजगारको हाल बेहाल छ। दैनिक मधेसका हजारौं युवा वैदेशिक रोजगारका लागि विदेश पलायन भइरहेका छन्। गरीबी, महँगी र भ्रष्टाचारको अवस्था पनि उस्तै छ। शिक्षा, स्वास्थ्यमा पनि सोचे जतिको पछिल्लो पाँच वर्षमा प्रदेश सरकारले उपलब्धि हासिल गर्न नसकेको प्रदेशवासीकै आरोप छ।

हरेक मञ्च, भाषणमा विभिन्न राजनीतिक दलका नेतादेखि मधेस सरकार हाँक्ने मधेसवादी दलका नेताहरूले प्रदेशको विकास गर्न कृषि हाम्रो प्राथमिकतामा छ। सिंचाइ हाम्रो प्राथमिकतामा छ। कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गरेर कृषि उत्पादन बढाउने र मधेस प्रदेशकै जनतालाई समृद्ध पार्ने हाम्रो लक्ष्य र योजना छ भनी भन्दै आएका छन्। तर सिंचाइकै कुरा गर्ने हो भने प्रदेश



जमुनी सिंचाइ आयोजना तटबन्ध। तस्वीरः फाइल

सरकारले पछिल्लो पाँच वर्षमा सिंचाइमा उल्लेख्य काम गर्न नसकेको किसानहरूको आरोप छ।

पर्सा, पोखरिया नगरपालिका-४ का शिवजी साह कानूले डीप टयुबेलको लागि सरकारसँग माग गरे तापनि उनले हालसम्म डीप टयुबेल पाउन नसकेको बताउँछन्। उनको जग्गा गण्डक नहर क्षेत्रभन्दा टाढा र उकालोमा पर्छ। मधेस प्रदेशमा गण्डक नहर सिंचाइ व्यवस्थापन आयोजना, वाग्मती आयोजना, कमला आयोजनालगायत ठूलठूला योजनाहरू सङ्घ सरकार मातहत हेर्ने गरिएको छ भने प्रदेशका आठ जिल्लामा भूमिगत जलस्रोतलाई उपयोग गर्नको लागि चार ठाउँमा कार्यालय स्थापना गरी कार्यक्रमहरू वितरण गर्ने गरिएको छ।

पर्सा र बाराको लागि वीरगंजको गण्डकमा, रौतहट र सर्लाहीको लागि सर्लाहीको वाग्मती, कर्मैयामा, महोत्तरी र धनुषाको लागि जनकपुरमा र सिराहा, सप्तरीको लागि लहानमा भूमिगत जलस्रोत तथा सिंचाइ डिभिजन विकास कार्यालय स्थापना गरिएको छ। एउटा कार्यालयको प्रत्येक वर्षको बजेट १२ देखि १५ करोड छ। उक्त बजेटबाट जमीनमुनिबाट पानी तान्ने आयोजनाजस्तै डीप टयुबेल, स्यालो टयुबवेल एवं नदीजन्य पानीलाई व्यवस्थापन गरी कुलो, पैनीको माध्यमले खेतसम्म लैजान साना सिंचाइ आयोजनाहरू सञ्चालन गर्ने सरकारको लक्ष्य छ। जुन कि पर्याप्त मात्रामा छैन।

भूमिगत जलस्रोत तथा विकास डिभिजन कार्यालय, वीरगंजका डिभिजनल प्रमुख अरविन्दकुमार मिश्रका अनुसार प्रदेश सरकारले प्रारम्भिक चरणमा गरेको प्रयास सकारात्मक रहे तापनि प्रभावकारी किसिमले अघि नबढेको प्रतिक्रिया दिए। सरकारले आफ्ना किसानहरूको लागि उपलब्ध गराउनुपर्ने सिंचाइ सुविधा, बजेट, नीति नियम, कार्यविधिमा अन्य प्रदेशभन्दा अलग भएर सोच्नुपर्ने उनको सुझाव

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**हामीसँग दुईवटा बाटा छन् या त हामीले सही बाटो चुन्नुपर्छ वा कठिनाइले हाम्रो बाटो रोज्नेछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पीडा र अवसर

**कुनै पनि क्षेत्र तथा स्थानका बासिन्दा पीडारहित छैनन् । व्यक्तिगत समस्या अनेक होला, सोको अलावा एकै प्रकृतिका क्षेत्रगत समस्याहरू धेरै छन् । जङ्गलछेउका बासिन्दा जङ्गली जनावरको आतङ्क भोगिरहेका छन् । राष्ट्रिय निकुञ्ज, आरक्ष वा राष्ट्रिय वनजङ्गलसँग जोडिएका बासिन्दाहरू हिंस्रक जङ्गली जनावर बाघ, भालु, हात्ती, गैंडालगायतका आक्रमणबाट ज्यान गुमाउने, अङ्गभङ्ग हुने भइरहेका छन् । त्यसैगरी, चौपायाको क्षति र बालीनालीको नोक्सानी भोग्न बाध्य छन् । त्यसैगरी, खोला–नदीनजीकका बासिन्दाहरू नदी कटान, डुबानबाट बर्सेनि आक्रान्त छन् । औद्योगिक क्षेत्र आसपास बस्नेहरू औद्योगिक प्रदूषण, छाइ तथा धूलोबाट पीडित छन् । खानाको थालमा समेत उद्योगको छाइ आइपुग्छ । उद्योग कलकारखानाद्वारा विसर्जित प्रदूषणका कारण जटिल रोगको शिकार बनेका उदाहरण धेरै छन् । उता राजमार्गछेउका बासिन्दा राम्ररी सुत्न पाउँदैनन् । तीव्रगतिमा गुड्ने सवारीसाधनको कारण घर हल्लिन्छ । दैनिक क्रियाकलापमा पनि कतिबेला सडक दुर्घटनामा परिने हो ठेगान छैन ।**

**सीमावर्ती छेउका बासिन्दालाई सीमा अतिक्रमणको चिन्ता छ । लालपुर्जा हातमा भएपनि जग्गा भने अर्को देशको सीमाभित्र परिसकेको हुन्छ । सानोतिनो मनमुटाव हुँदासमेत सीमामा झमेला, यता अपराध गरेर उता लुक्ने र उता अपराध गरी यता सुरक्षित हुन खोज्नेहरूसँग बचेर रहनुपर्ने अवस्था छ । मुलुकको बीच भागमा बस्नेहरूलाई पनि चयन छैन । मुलुकमा बन्द, हडताल, नाकाबन्दी वा बाहिरबाट आयात गरिने कुनै पनि सामग्रीको अभाव हुने बित्तिकै प्रत्यक्ष असर बीच भागका बासिन्दाहरूले भोग्नुपरिरहेका छन् । उता हिमाली क्षेत्रमा चीसोका कारण श्वासप्रश्वास तथा हाडनसाका रोगीहरू अकालमा मृत्युवरण गर्नुपरिरहेको छ । पहाडमा पहिरोको पीर । तराई–मधेसमा प्रचण्ड गर्मी, त्यसबाट सिर्जित विभिन्न रोगबाट पीडित छन् । उसो भए समस्यारहित वा कुनै पनि पीडामुक्त बासस्थान कहाँ छ त ? कहीं पनि छैन, जहाँ पनि छ । समस्या र सम्भावना सबैतिर हुन्छ । समस्यालाई मात्रै हेरेर आफूलाई पीडित ठान्नुभन्दा आफूभन्दा पीडामा परेको अर्को पक्षलाई हेर्न सक्नुपर्छ । समस्यालाई मात्रै हेर्ने हो भने मुलुकका सबै क्षेत्रका बासिन्दालाई सरकारले क्षतिपूर्ति दिनुपर्ने हुन्छ । गाउँको कुरा नगरौं, महानगरमा बस्नेहरू झन् पीडित छन् । कतै लामखुट्टेको टोकाइ, कतै कोलाहल, ध्वनि प्रदूषण त पर्यावरण असन्तुलन एवं अव्यवस्थित फोहोर तथा दुर्गन्धको पीडा छ ।**

**हरेक समस्याले सम्भावना बोकेको हुन्छ । जङ्गलनजीकका बासिन्दाले सुलभ र सहज काठ, घाँस, दाउरा, पानी, स्वच्छ हावा तथा स्वस्थ वातावरण उपभोग गर्न पाइरहेका छन् । पर्यापर्यटन प्रवर्धनको सम्भावना उतैतिर छ । नदी, खोला किनाराका बासिन्दा नदीजन्य पदार्थका मालिक हुन् । निर्माण सामग्री उनीहरूकै हातमा छ । त्यसैगरी, सीमाछेउका बासिन्दा, औद्योगित क्षेत्र, राजमार्ग, महानगर, हिमाल, पहाड, तराई–मधेसका बासिन्दाहरू पनि विभिन्न अवसरहरूका धनी छन् । फरक यति हो कि जो जुन क्षेत्रमा छ, उसले सोही क्षेत्रका स्रोत, साधन एवं सम्भावनाको बढी प्रयोग गर्न पाएका छन् । आआफ्ना क्षेत्रका सम्भावनाको जीवनोपयोगी रूपमा अधिकतम सदुपयोग गर्नका लागि नीति तथा कार्ययोजना निर्माण गर्न सो क्षेत्रका जनप्रतिनिधिमूलक संस्था एवं प्रतिनिधि दूरदृष्टि [redacted] जरुरी छ ।**

# सूर्यको पूजा उपासना प्रकृतिमैत्री हुनुपर्छ

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**दलाल पूँजीवादी व्यवस्थासँग प्रकृतिलाई समृद्ध पार्ने तथा सम्पूर्ण मानव समाजलाई सुखी र समृद्ध बनाउने कुनै योजना नै छैन । अतः वैज्ञानिक समाजवादबाट मात्रै सही रूपमा प्रकृतिमैत्री हुन सकिन्छ । जुन दिन मानव समाज प्रकृतिमैत्री बन्ने राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्था तयार हुनेछ, त्यो दिन बल्ल सूर्यलाई सम्मान गरेको ठहरिन्छ ।**

भर्खरै धार्मिक पर्वहरू दशैं, तिहार र छठ सकेका छन् । यी पर्वहरू हामी केको लागि मनायौं यसबारेमा धेरैजना अनभिज्ञ नै छौं । दशैंलाई विजयादशमी पनि भनिन्छ । यसर्थ केही कुरा जितिएको थियो र त्यसैको सम्झनामा यो पर्व मनाउँदै आएका छौं । हामी भन्ने कुरा सबैले सजिलै बुझ्छन् नै । तर त्यो के कुरा हो, जसको खुशियाली मनाउन राज्यद्वारा नै दर्जनौं खसीबोकाको बलि चढाएर, लामो सार्वजनिक बिदा गरेर तथा सरकारी कर्मचारीलाई एक महीना बराबरको तलबसमेत दिएर यो पर्व मनाउने गरिन्छ ?

के पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा मल्लहरू माथि विजय गर्दा वा गोर्खा राज्यले नेपालको एकीकरण सम्पन्न गर्दा रातो टीका जमरा लगाएर यो पर्व मनाउन थालेको हो ? अथवा इतिहासको कालखण्डमा मङ्गोलियन सभ्यताको सर्वनाश गरेर आर्यन सभ्यता बलजफ्ती लादेको खुशियालीमा हो ? वा मातृसत्तात्मक समाज जबरजस्ती भत्काएर पुरुषको सत्ता लादेको खुशियालीमा हो ? के हो ? यीमध्ये कुनै एक हो अथवा अरू नै कुनै ठूलो घटना हो ? यस कुराको जानकारीबेगर जिजुबाजेले श्राद्ध गर्दा बिरालो बाँधेको हुनाले खनातिले पनि बाँध्दै आएको मात्रै हो ? यसबारेमा विस्तृत अध्ययन आवश्यक छ र तद्नुसार चाडपर्वमा सुधार वा परिवर्तन गर्न जरुरी छ । यही कुरा दीपावली अर्थात् तिहारमा पनि लागू हुन्छ । के को खुशियालीमा देशैंभर करोडौं दीप प्रज्वलन गर्ने ? हिन्दू धर्मशास्त्रमा भनिएको राक्षस को थिए ?

आर्यहरूले छल, बल, कलद्वारा पराजित गरेको मङ्गोलियनहरूलाई नै शत्रुतावश राक्षस भनेको हो कि ? होइन भने सीताको स्वयंवरमा हिन्दू धर्मशास्त्रमा भनिएको राक्षस देश लङ्काका राजा रावणलाई विवाहको लागि किन बोलाइएको हो ?

यी सबै कुराको बहस अबको पुस्ताले थाल्न जरुरी छ ।

छठ पर्व खासगरी मधेसी समुदायका हिन्दू धर्मावलम्बीहरूको पर्व हो । यस पर्वमा मुख्यरूपमा सूर्यको पूजा उपासना गरिंदै आएको छ । हाम्रा चाडपर्वहरूमा यस पर्वलाई अन्य पर्वभन्दा अलि कडा विधि–विधान भएको पर्वको रूपमा बर्तालुहरूले लिने गरेको पाइन्छ । यसमा जूठो चोखोको ख्याल राख्न थोरै पनि लापरवाही भएमा छठी मईया रिसाएर श्राप दिनेछिन्, जसले छालाको रङ्ग सेतो हुने रोग तथा कुष्ठरोग जस्ता अनेकौं रोग लाग्दछ भन्ने मान्यता रहँदै आएको छ । त्यसैले यो पर्वमा चाहिने भाँडाकुँडा र वस्तुको बन्दोबस्त एक महीनाअगाडिदेखि नै गर्न थालिन्छ ।

यो पर्वमा पहिलो दिन (चतुर्थी) अरबा–अरबाइन गरिन्छ, जसलाई नहाय–खाय भनिन्छ । दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिने गरिन्छ ।

यो पर्व गर्दा सन्तानप्राप्ति, निरोगिता, सुख, समृद्धि र चर्मरोग निको हुने जनविश्वास छ ।

छठको पहिलो दिन (चतुर्थी)देखि नै व्रतालुले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुरको दाललगायत परित्याग गरी व्रत बस्छन् । पर्वको दोस्रो दिन (पञ्चमी) खरना गरिन्छ, जसलाई पापको क्षय पनि भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरबा चामलको पीठोबाट तयार पारिएको झोलले भूमि लिपेर व्रतालु दिनभरि पानीसमेत नखाइ व्रत बस्छन् र राति चन्द्रोदयपछि चन्द्रमालाई गुडबाट तयार गरिएको खीर चढाइ पछि प्रसादको रूपमा खान्छन् ।

खरनापछि अर्थात् दोस्रो दिनपछि छठको पूर्ण व्रत लिइन्छ ।

तेस्रो दिन (षष्ठी) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान–पिसान गरी सोबाट विभिन्न गुलिया खाद्य सामग्री बनाइन्छ । सोही दिन अन्नबाहेक फलफूल, ठेकुवा, भुसवा, खजुरी, पेरुकिया तथा मूला, गाजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्छन् । परिकारहरू जलाशयको किनारमा राख्नुपूर्व त्यो ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक भुइँमा सुतेर साष्टाङ्ग दण्डवत् गर्छन् । त्यो ठाउँमा पहिले नै तान्त्रिक पद्धति अनुरूप अरिपन चित्र कोरेका हुन्छन् । त्यसपछि व्रतालुले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म पानीमैं उभिरहन्छन् । यस क्रममा व्रतालुले दुवै हत्केलामा पिठार (चामलको पीठोको ढोल), सिन्दुरलगायर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी सूर्यलाई अर्पण गर्छन् ।

पर्वको चौथो अर्थात् अन्तिम दिन यो पर्व समाप्त गरिन्छ । यस दिन एकाबिहानै व्रतालुहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोर्‍याइ प्रातःकालीन सूर्यलाई अर्घ्य दिन्छन् । अर्घ्य सम्पन्न भएपछि व्रतालुले छठघाटमैं सूर्य पुराण अर्थात् छठ व्रतको कथा सुन्ने र सुनाउने परम्परा रहेको छ ।

वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो । वेदमा सूर्यलाई ऐश्वर्य र ऋग्वेदमा सबै देवताको स्रोत, महाभारतमा सम्पूर्ण जगत्का प्राणीसित सम्बद्ध भएको बताइएको छ । सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट बाँचेका छन् । त्यस्तै, सूर्योपनिषद्मा ब्रह्मा, विष्णु र रुद्र भनिएको छ । महाभारतमा धर्मराज युधिष्ठिर सूर्य स्तवन गर्दै सूर्यलाई ब्रह्मा, विष्णु र रुद्रका अतिरिक्त इन्द्र, प्रजापति, अग्नि, मनु, प्रभु, चराचर जगत्का पालनकर्ता र मोक्षदाताको रूपमा वर्णन गरिएको छ ।

ऐतरेय ब्राह्मण उपनिषद्मा सूर्यको उत्पत्ति सन्दर्भमा सूर्यलाई पार्थिव अन्तरिक्ष एवं दिव्य अग्निको पिण्ड भएको उल्लेख गर्दै अग्निमा सोमको आहुतिबाट सूर्यको उत्पत्ति भएको भनिएको छ ।

अथर्ववेदमा खुट्टा, जोर्नी, तिघ्रा, काँध, मस्तक, कपाल तथा मुटुसम्बन्धी रोगहरूको उपचार उदीयमान सूर्य किरणद्वारा निस्तेज गरिने उल्लेख गरिएको छ । सूर्यद्वारा चर्मरोगसम्बन्धी रोगको अचूक उपचार गर्नुका साथै दुसाध्य कुष्ठरोगको मुक्ति पाउनका लागि कैयौं प्राचीन साहित्यमा उपचार प्रसङ्ग पाइन्छ ।

सूर्यको पूजा गर्नु भनेको प्रकृतिमैत्री हुनु हो । छठ पर्व हजारौं वर्षदेखि मनाउँदै आइएको भएपनि आजको यक्ष प्रश्न हो ? के वर्तमानको आधुनिक मानव समाज प्रकृतिमैत्री बन्न सकेको छ ?

हामी सबैलाई थाहा छ, मानव समाज जङ्गली युग, दास युग, सामन्ती युग र पूँजीवादी युग पार गरेर वैज्ञानिक समाजवादी युगमा आइपुगेको छ । यसबीचमा पूँजीवादले आधुनिक मानव समाजलाई विकासका थुप्रै अवसर उपलब्ध गराएको छ । हामीले देखेका प्रायः सबै वैज्ञानिक आविष्कार पूँजीवादले नै गरेको हो । पूँजीवाद एकाधिकार पूँजीवाद हुँदै दलाल पूँजीवादसम्म आइपुग्दा सबैभन्दा ठूलो क्षति प्रकृतिलाई पूँजीवादले नै गरेको कुरा बिर्सनुहुँदैन । मानव समाजलाई विकास र समृद्धिको शिखरमा दलाल पूँजीवादी व्यवस्थाले पुऱ्याउन सफल भएपनि उसले एउटा निश्चित वर्गलाई मात्रै समृद्ध बनायो । यतिबेला संसारको असी प्रतिशत पूँजी केवल पन्ध्र प्रतिशत मानिसको हातमा केन्द्रित छ । गरीबीको कुरा गर्ने हो भने अहिले पनि संसारमा एक करोड मानिस भोकै रात काट्छन् । प्रकृतिको यतिधेरै दोहन पहिले कहिल्यै भएको थिएन ।

दलाल पूँजीवादी व्यवस्थासँग प्रकृतिलाई समृद्ध पार्ने तथा सम्पूर्ण मानव समाजलाई सुखी र समृद्ध बनाउने कुनै योजना नै छैन । अतः वैज्ञानिक समाजवादबाट मात्रै सही रूपमा प्रकृतिमैत्री हुन सकिन्छ । जुन दिन मानव समाज प्रकृतिमैत्री बन्ने राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्था तयार हुनेछ, त्यो दिन बल्ल सूर्यलाई सम्मान गरेको ठहरिन्छ ।

जेहोस्, चाडपर्व मानिसहरूलाई एक ठाउँमा भेला भई खुशियाली साटासाट गर्ने महत्त्वपूर्ण माध्यम रहेको भएपनि वर्गीय समाजभित्र थोरै मानिस सबै प्रकारका स्रोत साधनबाट सम्पन्न रहेका छन् । धेरै मानिस बेरोजगारी, चरम गरीबी, सामाजिक विभेद (जातपात तथा छुवाछूत) जस्तो मानवद्वारा सृजित खासगरी सत्ताद्वारा शोषित, पीडित ठूलो जनसङ्ख्यालाई जहिले पनि चाडपर्व दशाकै रूपमा आउने भएकोले सबैभन्दा पहिले शोषणविहीन, भेदभावविहीन, असमानताले भरिएको होइन बरु समानतासहितको समाजवादी समाज निर्माण गरेर सम्पूर्ण देशवासी खुशी हुने वैज्ञानिक संस्कृति निर्माण गरेर अगाडि बढ्न आजको आवश्यकता र युगको माग हो ।

# निर्वाचन लक्षित कार्यक्रम

मन्तव्य




कुमारबन्धु रुपाखेती


**अहिले निर्वाचनको बेलामा त उम्मेदवारहरू त्यसै पनि छछुवाएर हिंडेका छन् । 'मान न मान मै तेरा मेहमान'झैं घरदैलो चहार्दैछन्, अनि सार्वजनिकरूपमा गरिएको भाइटीकामा सहभागी हुने अवसर किन गुमाउँथे ।**

२०७४ सालको संसदीय निर्वाचनताका आदर्शनगरमा सार्वजनिकरूपमा भव्य म्हः पूजा गरिएको थियो भने २०७९ सालको संसदीय निर्वाचनअघि भव्यरूपमा भाइटीका कार्यक्रम गरियो । तर २०७५ देखि २०७८ सम्म किन यस्ता कार्यक्रम गरिएन ? के यस्ता कार्यक्रमहरू उम्मेदवार र निर्वाचन लक्षित मात्र हो ? होइन भने निर्वाचनताका मात्रै यस्ता कार्यक्रम किन ?

निर्वाचन लक्षित यस्ता कार्यक्रमहरूमा कसको के स्वार्थ निहित छ, त्यो त आयोजकहरूलाई मात्रै थाहा होला । मिडियाले पनि पक्षपात गर्छ भन्ने उदाहरण त २०७९ सालको स्थानीय निर्वाचनमा धरातलमा प्रस्टै देखियो । जल्दाबल्दा पार्टी र चलनचल्तीका उम्मेदवारहरू बटुलेर स्थानीय निर्वाचनको मुखमा धरानमा थुप्रै कार्यक्रम गरिए । तर त्यस्ता कार्यक्रमहरूमा वर्तमान धराने मेयर हर्क साम्पाङलाई निम्ता दिन कसैले जरुरी ठानेनन् । निम्ता नपाएपछि उनी यस्ता कार्यक्रमहरूमा उपस्थित हुन सकेनन् । २०७४ सालको पहिलो स्थानीय निर्वाचनमा हर्क साम्पाङले मेयर पदमा जम्माजम्मी ४३२ मत पाएका थिए, जसले गर्दा पत्रकार महोदयहरूले उनलाई उम्मेदवार नै गनेनन्, गन्तीमैं राखेनन् । तर जब उनले २०७९ मा अपत्यारिलो किसिमले मेयरमा जिते, अनि मिडिया सबैलाई छाडेर उनको पछि लाग्न थाल्यो । नेपाल विभिन्न जातजातिको साझा फूलबारी हो, एकअर्काको धर्म, रीतिरिवाजलाई सम्मान गर्नु प्रशंसनीय कुरा हो । अहिले निर्वाचनको बेलामा त उम्मेदवारहरू त्यसै पनि छछुवाएर हिंडेका छन् । 'मान न मान मै तेरा मेहमान'झैं घरदैलो चहार्दैछन्, अनि सार्वजनिकरूपमा गरिएको भाइटीकामा सहभागी हुने अवसर किन गुमाउँथे । उम्मेदवार लक्षित यस्ता कार्यक्रमहरूले जनमानसमा केही हदसम्म भाइटीकाको धार्मिक महत्त्व त दर्शाउँला तर भाइटीकाभन्दा धेरै आयोजक र उम्मेदवारहरूको प्रचारप्रसार त खपिनसक्नु देखियो । यस्ता कार्यक्रमहरूमा वीरगंजका नेवार समुदाय प्रशंसनीयरूपमा सक्रिय देखिन्छन् ।

भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवाला काठमाडौं आउँदा देउवा पत्नी आरजु राणाले हतपत भैयादुजको मौका पारेर राखी बाँधेको पाठकहरूलाई थाहै होला ।

वीरगंजको भाइटीका पनि भैयादुजझैं राजनीतिक चलखेल नहोस् भन्ने हाम्रो चाहना हो । यस्तो कार्यलाई भोजपुरीमा 'बैठल बाँड्न पूजामे मन बा भुजामे' भनिन्छ । मधेस प्रदेशको सबैभन्दा ठूलो शहर हो, वीरगंज । यो आर्थिक नगरीमा आर्थिक चलखेल, लेनदेन पनि खूबै हुन्छ । पञ्चायतकालमा नजराना दिएर वीरगंजमा कार्यालय प्रमुख बनेर आउँथे रे । यो रीतिरिवाज अझै कायमै छ । यहाँको यातायात व्यवस्था कार्यालय, नापी, मालपोत, आन्तरिक राजस्व विभाग, जिप्रका बेला कुबेला आर्थिक विवादमा चर्चामा आइरहन्छन् । तर के गर्नु वीरगंजमा त खोज पत्रकारिताको सट्टा मोजकारिताको चल्ती देखिन्छ । हामी स्कूल पढ्दा भारतबाट आएका एकजना विद्वान् शिक्षकले 'छपराके छतमे छ दिनसे छ छुछुन्दर छछुवा रहा था' जस्तो वाक्यको अङ्ग्रेजीमा ट्रान्सलेट (उल्था) गर भनेर अर्थ न बर्थको शिक्षा दिन्थे । म्हः पूजा, भाइटीका यस्तो हास्यप्रद नबनोस् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३६ २०७९ कात्तिक १९ गते शनिवार 2022 November 05 Saturday


# सामाचकवामा हास्य तत्वको उपस्थिति

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

आधुनिक युगले धेरै कुरामा आधुनिकता ल्याउन खोज्दैछ। जुन कुरामा आधुनिकता आउँदैन, त्यो बिस्तारै हराएर जान्छ। स्थानीय कला, साहित्य, सङ्गीत र सिर्जनाले आधुनिक युगसित मितेरी गाँस्न नसक्दा अँध्यारोतिर धकेलिँदै गएको देखिन्छ।

हेर्दाहेर्दै होलीको गीत र तरीका हरायो, छठ पबनीका गीतहरू बिलाए, छठका लोककथाहरू हराए, गाउँघरबाट झिंझिया गायब भयो, जरजटिनको नामोनिसान भेटिंदैन। चैतावर गाउने शायदै कोही छन्, बरमासा मुस्किलले कतै सुन्न पाइन्छ, रोपाइँको गीत लगभग हराइसक्यो, ब्याडमा बीउ काढ्दा गाइने गीत, हरवाहाले हलो जोत्दा गाउने गीत कहाँ गयो कहाँ ? बाटोमा हिंड्ने बटुवाहरू पनि चुपो लागेर हिंड्दैनथे। झुमर, चाँचर जस्ता अनेक गीत गाइरहन्थे। अहिले सबै हराएका छन्। अब त संस्कार गीतहरू बिस्तारै हराइरहेका छन्। समाजमा प्रचलनमा रहेका विभिन्न लोकगाथाहरू सम्झने अब बाँकी छैनन्। यस्तै हराउँदै गएको तर अवशेषको रूपमा बाँकी रहेको एउटा संस्कृति हो- सामाचकवा।

सामा-चखेवा, सामा चकेवा, सामाचकवा आदि विभिन्न नामबाट जानिने यो एउटा यस्तो संस्कृति हो, जुन परिवेश अनुसार लोकनृत्य, लोकनाट्य, लोकगीत तथा लोकगाथा गरेर लोकअभिव्यक्तिका विभिन्न रूपमा प्रकट हुन्छन्। तर सबै क्षेत्रमा भने लोकगीतको रूपमा प्रचलनमा रहेको अवश्य हो। बिस्तारै यसबारे चेतना विस्तार हुँदै जाँदा यसको उद्भव र विस्तार तथा शास्त्रीय मान्यताबारे खोजी हुँदै गयो। यी सबैको विषयमा केही पनि जानकारी नभएको एउटा ग्रामीण समुदायमा निरक्षर दिदीबहिनीले जसरी यसलाई मनाउँदै आएका थिए, जब यसबारेको चेतनाको आलोक विस्तार हुँदै आयो, तब यो संस्कृति साँघुरिंदै आयो। उद्भव र विस्तारको मान्यतासित सहमति वा असहमतिको पाटो अर्को हो तर यसको स्वरूप र यसका पात्रको विषय पनि कम रुचिपूर्ण होइन। यसको कथानकमा पनि रोचकता रहेको छ। कथानकको एक पात्र हो- चुङ्ला।

सामान्यतया चुङ्ला शब्दको अर्थ बुझ्ने मानिसको मनमा हास्यरसको उत्पत्ति हुन्छ। चुङ्ला भनेको त्यो व्यक्ति हो, जो दुवैतिर कुरो लगाउँछ। जसको उद्देश्य फरक हुन्छ। मूल कुरो बिगारेर आफ्नो स्वार्थ पूरा गर्न चाहन्छ। यस्तो गर्ने कामलाई चुङ्लई भनिन्छ।

व्यवहारमा के देखिएको छ भने जब चुङ्लाको भण्डाफोर हुन्छ, तब उसको जगहँसाइ हुन्छ। ऊ हाँसोको वा घृणाको पात्र बन्छ। विभिन्न लोकआहान, लोककथा, लोकगाथा तथा अन्य लोकसम्पदामा यस प्रकारको अभिव्यक्ति पाइन्छ। लोकगाथाको रूपमा समेत रहेको सामाचकवामा पनि चुङ्लाको भूमिका यही रूपमा रहेको छ। निहित स्वार्थ पूरा गर्नको लागि चुङ्लई गर्ने पात्र चुङ्लाको प्रतिमा वा प्रतिकृति सामाचकवासँगै देख्ने बित्तिकै दर्शकको मनमा हास्यरसको उत्पत्ति हुन्छ।

यद्यपि रसको दृष्टिकोणले सामाचकवाको गीतमा शान्त रसको प्रधानता छ, कथानकमा कतै वीररस पनि पाइन्छ। चुङ्लाको भूमिकाले बीभत्स रसको उत्पादन पनि गर्दछ तर जहाँ सामाचकवाका विभिन्न प्रतिकृतिमा चुङ्लाको दर्शन हुन्छ, त्यहाँ हास्यरसको मनोभाव उत्पन्न हुने हुन्छ।

सामाचकवाको कथानकमा चुङ्लाको वास्तविक नाम चूडक हुन्छ। ऊ कुटिल स्वभावको हुन्छ। श्रीकृष्णको द्वारिकाको बासिन्दा हुन्छ चूडक। उसको दरबारमा आवतजावत हुन्छ। श्रीकृष्णकी पत्नी जाम्बवतीतर्फकी छोरी साम्बाप्रति ऊ आकर्षित हुन्छ। एकतर्फी आकर्षित भएको र मन पराएको चूडकले साम्बालाई पाउन सक्दैन। साम्बाको बिहे चारुवाक नामक युवकसित हुन्छ। साम्बा भगवान् शिवकी भक्त थिइन्। दिनहुँ वनमा रहेको शिवालयमा पूजा गर्न जान्थी। दिनहुँ एक्लै वनमा पूजा गर्न जाने गरेको कुरालाई नै चूडकले श्रीकृष्णलाई बढाइचढाइ गरेर नराम्रो चरित्रको भएको कुरो लगाउँछ। श्रीकृष्ण चूडकको कुरोमा लागेर छोरीलाई चरो बन्ने श्राप दिन्छन्। अन्तमा सही कुरो पत्तो लाग्छ। श्रापबाट मुक्ति पाउने उपाय बताउँछन् र त्यस अनुसार गरेपछि श्रापमुक्त भई साम्बा र चारुवाकले सुखमय जीवन बिताउँछन्। उता चूडकलाई देश निकाला हुन्छ। अनावश्यक आरोप लगाएर श्रीकृष्णकी छोरी साम्बामाथि चरित्रहीनको दाग लगाउन खोज्ने चूडकलाई चुङ्ला भनिएको हो। चरो बन्नु परेको साम्बा नै सामा र चरो बनेको चारुवाक नै चकवा हो अथवा सामाचकवा भनेका साम्बा र चारुवाक हुन् भन्ने मान्यता रहेको छ।

चूडक अर्थात् चुङ्लालाई देश निकाला गरिएको र अपमानित गरिएको भएपनि हाम्रो समाजमा विभिन्न रूपमा चुङ्ला अहिले पनि रहेका छन्। चुङ्लाको चरित्रप्रति घृणाभाव वा बीभत्स रस तथा चुङलाको आकृतिप्रति हास्यभाव वा हास्यरस समाजमा स्वाभाविकरूपले विद्यमान रहेको छ। अहिले पनि सामाजिक चुङ्लाहरू समाजमा विद्यमान छन्, जसले सही कुरालाई ठाउँसम्म पुग्न नदिई त्यसलाई आफूअनुकूल बनाएर वा बताएर आफ्नो स्वार्थसिद्ध गरिरहेका छन्। यसले गर्दा सामाचकवाको चुङ्लालाई प्रतीक बनाएर समाजमा अझै पनि अनेक किसिमले गाली दिने गरिन्छ। त्यो गाली गीतमा अभिव्यक्त हुन्छ अर्थात् सामाचकवाका अहिलेसम्म प्रचलित केही लोकगीतमा चुङ्लालाई गरिने गालीमा वर्तमान समाजका चुङ्लालाई गाली गरेको जस्तो भाव हुन्छ। र स्वाभाविकरूपमा जब छोरीचेलीहरूले चुङ्लालाई गाली गर्दै उसको जुँगामा आगो लगाउँछन्, मुखमा आगो झोस्छन्, तब एकातिर आक्रोशको भाव अर्थात् वीररसको उत्पत्ति भएको हुन्छ भने अर्कोतिर हास्यभावको उदय भएको हुन्छ। चुङ्लालाई गीतमै गाली गर्दा किन नहोओस् तर त्यहाँ पनि हास्यात्मकता प्रस्तुत भइहाल्छ। छोरीचेलीले गीत नै गाउँदा पनि हाउभाउमा केही

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ (७)

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**हेलो संस्कृति**

अमेरिकाको 'हेलो' संस्कृति पनि अनौठो प्रकृतिको छ। अमेरिकामा कुनै व्यक्तिलाई 'हेलो' भन्नका लागि उक्त व्यक्तिलाई चिनेको हुनुपर्छ भन्ने छैन। कुनै अपरिचित व्यक्तिलाई पनि 'हेलो' भन्न सकिन्छ। यहाँ अपरिचित व्यक्तिलाई पनि 'हेलो' भन्ने संस्कृति छ। 'हेलो' भन्नु सामान्य कुरा हो।

रूसमा अपरिचित व्यक्तिलाई 'हेलो' भन्न वा 'के छ हालखबर ?' भनी सोध्न अथवा अभिवादन गर्नका लागि भनिने कुराहरू भन्न सकिंदैन। कसैलाई 'हेलो' भन्नका लागि उसलाई चिनेको नै हुनुपर्छ। अपरिचित व्यक्तिलाई 'हेलो' भन्नु अनौठो मानिन्छ। यस्तै स्थिति नेपाल, भारत तथा दक्षिण एशियाका देशहरूमा पनि छ। नेपाल र भारतमा कतिपय अवस्थामा अपरिचित व्यक्तिलाई 'के छ तपाईंको हालखबर ?' भनी सोध्नु अमर्यादित नै पनि हुन पुग्छ।

अमेरिकामा कुनै पनि अपरिचित व्यक्तिलाई 'हेलो' भन्न सकिन्छ। 'के छ तपाईंको हालखबर ?' भनेर सोध्न सकिन्छ। कुराकानी नै पनि गर्न सकिन्छ। बाटो हिंड्दा, पार्कमा भेटिंदा, कुनै पसलमा देखादेख हुँदा वा कुनै समारोहमा सामुन्ने पर्दा अपरिचित व्यक्तिलाई 'के छ हालखबर ?' भनेर सोध्न सकिन्छ। त्यसरी 'के छ हालखबर ?' भनी सोध्नुलाई राम्रो मानिन्छ। उल्टो, त्यस किसिमबाट नसोध्नुलाई अनौठो मानिन्छ। बाटो हिंड्दा परबाटै नै कसैलाई अभिवादन गर्न हात माथि उठाएर हल्लाउन सकिन्छ।


कतिपय देशहरूमा आँखा जुधाएर कुरा गर्नुलाई अमर्यादित मानिन्छ। प्रायः आफूभन्दा ठूलासँग कुरा गर्दा, उच्च पदमा रहेका व्यक्तिहरूसँग कुरा गर्दा वा अति आदर गर्नुपर्ने व्यक्तिसँग कुरा गर्दा आँखा नजुधाएर कुरा गर्नुलाई संस्कारी मानिन्छ। तर अमेरिकामा यसको विपरीत आँखा नजुधाएर कुरा गर्नुलाई मर्यादित मानिंदैन। अमेरिकमा कसैसँग आफूले आँखा जुधाएर कुरा गर्नुको अर्थ आफूले उक्त व्यक्तिलाई सम्मान दिनु हो। उसको कुरा आफूले ध्यानपूर्वक सुनेको प्रमाण दिनु हो। कुराकानीलाई महत्त्व दिनु हो।

अमेरिकामा व्यक्तिहरूले कुरा गर्दा कानेखुसी गरिएको प्रायः देखिंदैन। दुई व्यक्तिबीच कुरा हुँदा कुरा गर्ने ती व्यक्तिहरूबीच दुईदेखि चार फिटको दूरी कायम गरिएको हुन्छ। धेरै टाढा होइन तर एक निश्चित दूरी राखेर दुई व्यक्तिबीच कुराकानी हुन्छ।

नेपाल वा भारतमा 'के छ हालखबर ?' भनेर सोधेझैं अमेरिकामा 'हाउ यार यू ?' भनेर सोध्ने गरिन्छ। 'हाउ यार यू ?' भन्नुको अर्थ स्वास्थ्यसम्बन्धी हालखबर नसोधेर केवल अभिवादन गरेको भनेर बुझ्नुपर्ने हुन्छ। यसैगरी, 'हाउ आर यू ?' भनेर सोध्दा वा हेलो भन्दा भन्ने व्यक्तिको मुखमा हाँसो हुन्छ वा हुनुपर्छ। अर्थात् अमेरिकामा हाँसेर 'हेलो' भन्ने चलन छ। हाँस्नु पनि एक किसिमको राम्रो अभिवादन हो। जुनसुकै उमेरका व्यक्तिलाई पनि हाँसेर अभिवादन गर्न सकिन्छ।

# अहिले इष्टदेव, कुलदेव तथा ग्रामदेवझैं पूज्य मतदाता

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

"दीपावली आ छठ निमन से बितल ह नु ? तबियत कैसन बा ?" छठको भोलिपल्ट घरदैलोमा निस्केका उम्मेदवार एक मतदाताको द्वारमा पुगे। भलाकुसारी शैलीमा भ्याएसम्म अपनत्व दर्शाउन थाले। उनी मतदाताको घरदैलोमा आउनुको कारण अकारण थिएन। यद्यपि मतदाताको द्वारमा पारिवारिक स्थिति बुझ्न आएझैं अभिनय गर्न थाले।

मतदाताको घरअगाडि झमडामा लटरम्म फलेको लौकी हातले सुम्सुम्याउँदै मतदाताको परिश्रमको बखान, सिङ्गान बगिरहेको बच्चालाई म्वाइँ खाँदै चिकित्सक बन्ने भविष्यवाणी गर्नुका साथै निर्वाचित भए पक्की घर बनाइदिने जस्ता आश्वासन दिन भ्याएछन्। यतिमात्र कहाँ हो र ! त्यसपछि रोगले थला परेकी मतदाताकी वृद्धा आमाको आशीर्वाद हात पार्न नजीक पुगेछन्। अर्द्धचेत वृद्धालाई कारुणिक स्वरमा आमा भन्दै ढोग्ने अभिनयसम्म गरे। स्वयम् वृद्धाको हात उचाली शिरमा राख्दै विजयी हुने आशीर्वाद ग्रहण गर्दै आगामी दिनमा गाउँमैं सुव्यवस्थित अस्पताल बनाइदिनेलगायतका अपनत्वको वर्षात् गर्न थाले। यता मतदाता भने 'जुन जोगी आए पनि कानै चिरेका' भनेझैं उम्मेदवारको चर्तिकला देखेर अक्क न बक्क थिए।

विभिन्न कालखण्डमा राक्षस तथा असुरहरूले जपतप गरी देउतालाई खुशी पार्ने, वरदान पाउने र तत्पश्चात् देउतामाथि नै जाइलाग्ने जस्ता परिघटनाहरू धर्मग्रन्थहरूमा उल्लेख छन्। 'विनाशकाले विपरीत बुद्धि' भनेझैं वरदान प्राप्त गरेपछि असुरहरू आफूलाई ईश्वरभन्दा माथि ठान्थे। अन्ततः देउताद्वारा असुरहरूको सर्वनाश हुन्थ्यो।

रावणले भवगान् शिवबाट प्राप्त गरेको वरदान कसरी दुरुपयोग गर्ने दुस्साहस गरे भने एक प्रसङ्ग यस्तो छ–

एकपटक नारदमुनि लङ्कामा पदार्पण गर्नुभयो। रावणले उनको सेवा सत्कार गरे। नारदमुनिले रावणसँग भन्नुभयो, "मैले सुनेको छु कि तपाईंले महादेवबाट वरदान प्राप्त गर्नुभएको छ।" प्रतिउत्तरमा रावणले भने, "हो, मैले चाहें भने धर्ती हल्लाउन सक्छु।" रावणले महादेवलाई कैलाश पर्वतसहित लङ्कामा ल्याउने विचार नारदमुनिसमक्ष व्यक्त गरे।

योजनाअनुरूप एक दिन अहङ्कारी लङ्काधिपति रावण कैलाशतर्फ प्रस्थान गरे। कैलाश पर्वतलाई हातमा उठाउने बित्तिकै कैलाश पर्वत हल्लिन थाल्यो।

भगवती सतीले महादेवसँग सोध्नुभयो, "हे जटाधारी ! यो कैलाश पर्वत किन हल्लिंदैछ ?" महादेवले भन्नुभयो, "रावणले हामीलाई लङ्का लैजाने प्रयत्न गरिरहेको छ।" महादेवसँगै कैलाश पर्वतमाला हातमा उठाएपछि अभिमानी रावणलाई अति गर्व भयो। अब उपरान्त संसारमा आफ्नोलागि अरू केही असम्भव नहुने कुरा ठाने। रावणले पाइला सार्न खोजेपछि महादेवले आफ्नो भार बढाउन थाल्नुभयो। अतएव रावणको सन्तुलन डगमगायो। यद्यपि रावणको प्रयत्न जारी थियो। देवी सतीले श्राप दिंदै भन्नुभयो, "हे अहङ्कारी रावण, तिमी आजदेखि दानवमा गनिनेछौ। किनभने तिम्रो स्वभाव राक्षसतुल्य भएको छ र तिमी अहङ्कारी बनेका छौ।"

रावणद्वारा सीतामाताको हरण, राम-रावण युद्ध, रामद्वारा रावणको वध तथा लङ्काको सर्वनाशलगायतका दृष्टान्त रामायणमा उल्लेख छ। हिन्दू धर्मग्रन्थहरूका अनुसार विविध कालखण्डमा देवशक्तिद्वारा राक्षस प्रवृत्तिको संहार भएका कयौं घटनाहरू छन्। समयको गतिसँगै आज विभिन्न आवरणमा दैत्य प्रवृत्ति हाबी छ।

तुलनात्मकरूपमा संविधानले सकारात्मक प्रवृत्तिको स्थापना र नकारात्मक प्रवृत्तिको उन्मूलन गर्ने परिकल्पना गर्नु नै देवत्वको स्थापना र राक्षसत्वको उन्मूलन हो। यसै कारण संविधानले निर्वाचन प्रणालीद्वारा सत्यपथ स्थापित हुनुका साथै राष्ट्र अग्रपथमा चलायमान होस् भन्ने चाहन्छ। कुनै पनि बहानामा असुरी प्रवृत्ति चलायमान भयो भने राष्ट्रको अधोगति निश्चित छ।

कृषि कार्यको लागि आवश्यक सिंचाइ, बीउ र मलको समस्या समाधान हेतु प्रत्येक वर्ष सत्ताको विरोध गर्ने किसानहरूको नियति जस्तै भएको छ। राम्रो अङ्कले उत्तीर्ण विद्यार्थी उच्च शिक्षाका लागि भौंतारिरहनुपरेको अवस्था छ भने युवाजमात धनार्जनका लागि पलायन हुने क्रम बढ्दो छ। भरपर्दो तथा सुलभ स्वास्थ्य उपचारको अभावमा आमनागरिकको अवस्था दयनीय छ। विकास निर्माणका परियोजना ठेकेदारहरूले सकार गर्ने र हात पारेपछि अलपत्र पार्ने ठेकेदारहरू मात्र होइनन्, यिनीहरूको पक्षपोषण गर्ने सत्ता वा कर्मचारीहरू नै असुरी प्रवृत्तिका द्योतक हुन्।

मतदाताले उम्मेदवारसँग विभिन्न जिज्ञासा प्रकट गर्न चाहन्छन्। प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यहरूको काम, कर्तव्य र अधिकार के के हुन् ? भन्नेबारे जान्न चाहन्छन्। उम्मेदवारसँग क्षेत्र विकासको स्पष्ट खाकाबारे अवगत हुन चाहन्छन्। तर यसबारे दल वा उम्मेदवार सबै मौनतुल्य छन्। कृषि, सडक, शिक्षा, स्वास्थ्य जस्ता सुगारटान शब्दावली लिएर मतदाताकहाँ जाने अहिले होड चलिरहेको छ। खासमा यीमध्ये उम्मेदवारहरूसँग बुँदागतरूपमा ठोस कार्ययोजनाहरू के के छन् ? भन्नेबारे उनीहरू आफैं अनभिज्ञ छन्।

उम्मेदवार तथा उनका सारथिहरूले मतदाताको जिज्ञासा समाधानभन्दा पनि मत माग्ने अभिलाषाले भरिपूर्ण देखिन्छन्। अर्जुनदृष्टि भएका उम्मेदवार टर्च बालेर पनि खोज्न मुस्किल छ। मतदाताको हृदयमा अङ्कुरित जिज्ञासाको उत्तर दिनुभन्दा दबाउनेतर्फ बढी अग्रसर देखिन्छन्। मतदाताको जिज्ञासा ओठबाहिर निस्कनै दिन चाहँदैनन्। कार्यकर्ताहरूको घेराभित्र मतदाताहरूलाई निरीह बनाउने सिद्धान्त हाबी छ। अगाडि-पछाडि तथा दायाँ-बायाँ, चारैतिरबाट कोही पम्पलेट थमाउने त कोही छाप हेराउँदै मत माग्ने कोलाहलयुक्त शब्दध्वनिभित्र मतदाताको जिज्ञासा विलीन पार्न उद्यत छन्। यस्तो क्रियाकलापले जसरी भएपनि आफू निर्वाचित हुने र सत्ताभोग गर्ने नियत प्रबल छ। रामायणका पात्र रावणको अहङ्कारझैं उम्मेदवारहरूको छद्म प्रवृत्ति जगजाहेर छ। हात्तीको खाने दाँत भलै देखिंदैन तर देखिने दाँत खाने दाँत होइन भन्ने कुरा आमजनतालाई बोध छैन भन्ने होइन। निर्वाचनताका गठबन्धन गर्ने, एकले अर्काको कटाक्ष गर्ने र निर्वाचन सकिएपछि विजयी हुनेले सत्तालिप्तता तथा पराजित हुने वर्षात्को भ्यागुताझैं लुप्त हुने प्रवृत्तिले संविधानमा उल्लिखित मौलिक हकअधिकार कदापि पूर्ण हुन सक्दैन।

अहङ्कारले अन्धकार निम्त्याउँछ भन्ने कुराको ताजा उदाहरण यहाँ उल्लेख गर्नु उत्तिकै महत्त्वपूर्ण हुनेछ। हिन्दी सिनेमाजगत्का सुप्रसिद्ध सुपरस्टार राजेश खन्नाबारे विरलै कसैलाई थाहा नहोला। उनी हिन्दी सिनेमाजगत्मा 'काका' उपनामले पनि चिनिन्थे। फिल्मको छायाङ्कनपछि उनी रातिको तीन बजेसम्म मद्यपान गर्थे। चार बजे खाना खान्थे। छायाङ्कनको निर्धारित स्थानमा बिहान दश बजे पुग्नुपर्नेमा अपराह्न तीन/चार बजे पुग्थे। वाक्कदिक्क भएर निर्माताले एक दिन भने, "काका, घडी हेर्नुहोस्।" प्रसिद्धिको घमण्डमा चूर काकाले प्रतिउत्तर दिंदै भने, "मैले होइन, घडीले मेरो समय हेर्छ।" निर्देशकले सो दिन छायाङ्कनको काम स्थगित गरे र भने, "जसले समयको कदर गर्दैन, उसलाई समयले पाठ सिकाउँछ।"

पछि यस्तो समय आयो, जब काकासँग समय नै समय थियो। न फिल्मको प्रस्ताव थियो, न सुटिङ, न पत्नी, न छोराछोरी। आफ्नो पुरानो फिल्म हेरेर कहिले खुशी हुन्थे, त कहिले रोइरहन्थे। आज भौतिकरूपमा उनी छैनन्। तर इतिहासले रावण जस्तै उनलाई पनि अहङ्कारी पात्रको रूपमा दर्ज गरिसकेको छ।

समय कसैको दास होइन। बितेको समय नै इतिहास बन्छ। इतिहासले मानिसलाई धेरै कुराको बोध गराउँछ। आज मतदातालाई छलेर वरदानमा मत पाइहाले पनि नियत सफा रहेन भने समयले अवश्य पाठ सिकाउनेछ। भोलि आफ्नै सन्ततिले आफैंलाई सराप्नेछन्। अहङ्कारी, लोभी, कपटी र बेइमान भनेर इतिहासको पानामा नाम र चरित्र दुवै दर्ज हुनेछन्।

निर्वाचनको मूल मर्मलाई बेवास्ता गरी मतदाताको शक्ति आफूमा समाहित गर्ने होडमा कोहीभन्दा कोही कम छैनन्। लाखौं मतदाताको वरदान सीमित पात्र तथा दलमा अवशोषित हुनु नै निर्वाचन प्रणाली हो। शक्तिप्राप्त व्यक्ति वा दलले मतदाताबाट पाएको शक्तिको सदुपयोग गर्छन् कि दुरुपयोग, उनीहरूको कार्यशैलीमा निर्भर छ। निर्वाचन नजीकिएसँगै उम्मेदवारहरूको विगत र वर्तमान केलाउँदै मतदाताहरू छक्क पर्ने अवस्था छ।

नितान्तरूपमा मङ्सिर ४ गतेसम्म मतदाताहरू उम्मेदवारहरूका लागि इष्टदेव, ग्रामदेव तथा कुलदेवझैं पूज्य रहनेछन्। स्मरण रहोस्, मतदाताले मतरूपी वरदान दिन सक्छन् भने धूप बालेर लामखुट्टेलाई धपाएझैं धपाउन पनि सक्छन्। कसले कति वरदान/मतदान पाउने हो, त्यो नितान्तरूपमा उम्मेदवारको चरित्र र संस्कारमा निर्भर हुने कुरा हो। छलकपट, खरीद-बिक्री तथा दारु-मासु जस्ता कुसंस्कारजन्य क्रियाकलापमाथि कानूनी उपचार हुने हो भने मात्र निर्वाचनको वास्तविक तस्वीर प्रकट भएको मानिनेछ।

# द्रोण पर्व–१००

महाभारतबाट सङ्कलन तथा अनुवाद



उमाशङ्कर द्विवेदी

धृतराष्ट्रले सोधे– सञ्जय, आधी रातको समय कर्ण र घटोत्कचबीच भिडन्त भएपछि ती दुवैबीच कुन प्रकारले युद्ध भयो ? त्यस राक्षसको रूप कस्तो थियो ? उसका रथ, घोडा र अस्त्रशस्त्रहरू कस्ता थिए ?

सञ्जयले भने– घटोत्कचको जीउडाल अजङ्गको थियो। उसको अनुहार तामा जस्तो र आँखा राता रङ्गका थिए। भुँडी भित्र धसेको, शिरको कपाल मास्तिर जिङरिङ भई उठेका, दाह्री–जुङ्गा काला, कान काठे किल्ला जस्तो,



च्यापु ठूलो, मुखको प्वाल कानसम्म फैलिएको थियो। ढाड तीखो र विकराल थियो। जिब्रो र ओठ तामा जस्तो रङ्गको र लामो थियो। ठूलठूला आखीभौं, चेप्टो नाक, शरीरको रङ्ग कालो, घाँटी रातो र शरीर पहाड जस्तो भयङ्कर र विशाल थियो । बाहु विशाल थियो, मस्तकको घेरा ठूलो थियो। उसको आकृति बेडौल र शरीरको छाला चाम्रो थियो। शिरको माथिल्लो भाग केवल बढेको मासको पिण्ड थियो, त्यसमाथि कपाल उम्रेको थिएन। उसको नाइटो छिप्पिएको थियो र नितम्बको भाग मोटो थियो । भुजाहरूमा बाहुमा लगाइने गहना शोभा पाउँदै थिए। मस्तकमाथि सुनको टल्किंदो मुकुट, कानमा कुण्डल र गलामा स्वर्णमयी माला थियो। उसले कांसको कवच धारण गरेको थियो। उसको रथ पनि औधी ठूलो थियो। त्यसमाथि रीछको छाला मढिएको थियो, उसको रथको लम्बाइ र चौडाइ चार सय हातको थियो। सबै प्रकारका आयुधहरू त्यसमाथि राखिएका थिए । त्यसको टुप्पोमाथि ध्वजा फरफराउँदो थियो । आठवटा पाङ्ग्राबाट त्यो रथ गुड्थ्यो, त्यसको घरघराहट मेघको गम्भीर गर्जनालाई पनि मात गर्थ्यो। त्यस रथमा जोतिएका घोडाहरू बडो भयङ्कर, इच्छानुसार रूप परिवर्तन गर्न सक्ने खालका तथा अत्यन्त वेगवान् थिए । विरुपाक्ष नामक राक्षस त्यस रथको सारथि थियो, जसको मुख र कुण्डल दीप्तिमान् थियो। त्यो विकट सारथिले घोडाको बागडोर समातेर तिनीहरूलाई काबूमा राख्थ्यो।

यस्तो रथमाथि सवार घटोत्कचलाई आफूतिर आइरहेको हेरेर कर्णले बडो अभिमानको साथ अगि बढी त्यसलाई रोके, अनि त दुवैले अत्यन्त वेगशाली धनुष लिएर एकअर्कालाई घाइते पार्दै बाणबाट आच्छादित पारे । दुवैले एकअर्कालाई आफ्नो शक्ति र सायकहरूबाट घाइते पार्न थाले । त्यो रात्रियुद्ध यतिबेरसम्म चलिरह्यो मानौं एक वर्ष बितिसकेको होस् । यतिकैमा कर्णले दिव्यास्त्रलाई प्रकट गरे। यो हेरेर घटोत्कचले राक्षसी मायाको विस्तार गर्‍यो । त्यति बेला राक्षसहरूको ठूलो डफ्फा सेना प्रकट भयो, कसैको हातमा शूल थियो त कसैको हातमा मुग्दर । कसैले शिलाको चट्टान उचालेको थियो त कसैले विशाल वृक्ष । त्यस सेनाबाट घेरिएको घटोत्कच महान् धनुष लिएर अगि बढेको हेरेपछि सम्पूर्ण नरेश व्यथित हुन पुगे । यसैबेला घटोत्कचले भीषण सिंहनाद गर्‍यो, त्यस आवाजलाई सुनेर हात्तीहरू आत्तिएर मूत्र त्याग गर्न थाले। मानिसहरूलाई त झन् बडो व्यथा भयो। तदन्तर चारैतिरबाट ढुङ्गाको भयङ्कर वर्षा हुन थाल्यो । अर्द्धरात्रिको समय राक्षसहरूको बल झन् उर्लिएर आएको थियो। उनीहरूले हानेका फलामे चक्र, भुसुण्डी, शक्ति, तोमर, शूल, शतघ्नी र पट्टिश आदि अस्त्रशस्त्रहरूको वर्षा भइरहेको थियो। महाराज, त्यस अत्यन्त उग्र र भयङ्कर युद्धलाई हेरेर तपाईंका पुत्र र सैनिक व्यथित भएर रणभूमिबाट भाग्न थाले। केवल अभिमानी कर्ण मात्र त्यहाँ डटिरहे, उनलाई कतिको पनि व्यथा भएन । उनले आफ्नो बाणबाट घटोत्कचले रचना गरेको राक्षसी मायाको संहार गरिदिए।

आफूले रचना गरेको राक्षसी मायाको संहार भएको हेरेर घटोत्कच बडो अमर्षमा भरिएर बाणहरूको प्रहार गर्न थाल्यो । ती बाणहरू कर्णको शरीरलाई छेडेर पृथ्वीमा छिरे । अनि कर्णले दशवटा बाण घटोत्कचमाथि हाने। ती बाणहरूबाट घटोत्कचको मर्मस्थानमा गहिरो चोट लाग्यो, ऊ कुपित भएर एक दिव्य चक्र हातमा उचाली कर्णमाथि हान्यो, तर कर्णको बाणबाट त्यो दिव्य चक्र टुक्रा–टुक्रा भएर नष्ट हुन पुग्यो। अब त घटोत्कचको रिसको सीमा नै रहेन, उसले बाणवर्षा गरेर कर्णलाई ढाकिदियो।

क्रमशः ...

# फोक्सो र श्वसनप्रणाली

वाटिका




डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**रोचक तथ्य के हो भने फोक्सो केवल एक्स–रेमा नै देखिन्छ, अल्ट्रासाउन्डमा देखिंदैन। तर एक्स–रेमा कलेजो आदि पेटका अङ्गहरू देखिंदैनन् र अल्ट्रासाउन्डमा देखिन्छन्। यसरी एक्स–रे र अल्ट्रासाउन्ड एकअर्काका पूरक मात्र हुन्, विकल्प होइनन्।**

यदि यो सोधियो कि के कसैले प्राणलाई बाँधेर राख्न सक्छ ? तब सबै मानिसको उत्तर 'नो'मा नै आउँछ। जो बहुत ज्ञानी र जानकार छ, उसले एक यन्त्रको नाम लिन्छ, जसको नाम भेन्टिलेटर हो। भेन्टिलेटरले दुई/चार दिन प्राणलाई बाँधेर राख्न सक्छ। तर त्यसमा मानिसका सबै गतिविधि बन्द हुन्छन्। तर सय वर्षसम्म प्राणलाई बाँध्न सक्ने जसमा मानिसका सबै गतिविधि सञ्चालन पनि गराउन सक्ने क्षमता भएको असली भेन्टिलेटर त हाम्रो फोक्सो हो, प्राकृतिक र जीवित भेन्टिलेटर । आज यसै प्राणलाई बाँधेर राख्न सक्ने र शरीरलाई सय वर्षसम्म निष्प्राण हुन नदिने फोक्सो र श्वसनप्रणालीको सङ्क्षेपमा वर्णन गरिनेछ।




नेपालीमा फोक्सो शब्दको उत्पत्तिको जरो मलाई थाहा छैन। तर अङ्ग्रेजीमा यसलाई लङ, लैटिनमा पल्मोन र ग्रीकमा न्युमोन भनिन्छ । त्यसैबाट न्युमोनिया वा पल्मोनरी डिजिज आदि शब्द बनेका छन्। हाम्रो शरीरलाई एउटा मांसपेशी जसलाई डायफ्राम भनिन्छ, त्यो दुई भागमा हुन्छ। तलको भागलाई एब्डोमेन भनिन्छ, जसमा पाचन अङ्गहरू बस्छन्। माथिको भागलाई छाती वा चेस्ट भनिन्छ जसमा दुईवटा फोक्सो र दुवैको बीचको बायाँ भागमा मुटु बसेको हुन्छ। फोक्सो दायाँ र बायाँ गरी दुईवटा हुन्छन्। यी दुई फोक्सो करङको दायाँ/बायाँ भागमा टाँसिएर बसेका हुन्छन्। अथवा करङद्वारा बनेको पिंजरामा दुई फोक्सो र एक मुटु कैद हुन्छन्। तर करङबाट फोक्सोलाई एउटा झिल्लीले अलग गर्छ, जसलाई प्ल्युरा भनिन्छ। यस झिल्लीका दुईवटा परत हुन्छन्– बाहिरी र भित्री। दुवैको बीचमा एउटा अल्प मात्रामा द्रव्य भरिएको हुन्छ, ताकि फोक्सो फैलिंदा र खुम्चिंदा दुवै परतमा घर्षण नहोस्। भित्री झिल्ली फोक्सोसँग टाँसिएको हुन्छ, जुन भित्र पसी फोक्सोलाई लोव भन्ने भागमा बाँड्छ। यसरी यसले दायाँलाई तीन र बायाँलाई दुई लोवमा बाँड्छ। यो किन भने बायाँ भागमा मुटुलाई स्थान दिनको लागि बायाँ फोक्सो सानो हुन्छ। तापनि एउटा सानो लिंगुला भन्ने तेस्रो संरचना पनि हुन्छ। दायाँ ठूलो हुन्छ। फोक्सोको तलको भाग कन्केभ र डायफ्राम डोमसेपेड माथिबाट कन्भेक्स हुन्छ । फोक्सोको कन्केभ तल्लो भाग डायफ्रामको कन्भेक्स भागसँग अडेस लगाएर बस्छ। फोक्सोको काम फैलिनु र खुम्चिनु हो। जसरी बैलुनमा हावा भरियो भने फुलेर ठूलो हुन्छ र हावा निस्कियो भने खुम्चिएर सानो हुन्छ। ठीक त्यही बैलुन हो, फोक्सो। जब यसको भित्र हावा जान्छ, तब फुल्छ र जब हावा बाहिर जान्छ, तब सानो हुन्छ । तब छाती पूर्ववत् अवस्थामा आउँछ। यस अर्थमा हावा तान्नु 'एक्टिभ' प्रक्रिया र हावा छाड्नु 'प्यासिभ' प्रक्रिया हो। मतलब यो कि हावा तान्ने काम गर्नुपर्छ तर छोड्ने काम आफसेआफ हुन्छ। करङको बाहिर र भित्र दुवैतिर मांसपेशीहरू हुन्छन् । बाहिरीलाई एक्सटर्नल कोस्टल र भित्रीलाई इन्टरनल कोस्टल मांसपेशी भनिन्छ। जब बाहिरी खुम्चिन्छ, तब छाती फैलिन्छ, डायफ्राम सपाट हुन्छ र फलस्वरूप फोक्सो पनि फैलिन्छन् । छातीभित्र हावाको चाप बाहिरी हावाको चापभन्दा छ एमएम कम भएर जान्छ। यो त सबैलाई थाहा होला नै कि हावाको बहाव बढीबाट कम चापतिर हुन्छ । अतः बाहिरबाट हावा नाकको प्वाल भएर भित्र हुलिन्छ। यसै बाहिरबाट फोक्सोको भित्रसम्मको हावाको यात्रालाई 'इन्स्पिरेशन' भनिन्छ । अब करङको भित्री मांसपेशी खुम्चिन्छन्, डायफ्रामले पूर्ववत् अवस्था अख्तियार गर्छ । फलस्वरूप छातीभित्रको हावाको चाप बाहिरी हावाको चापभन्दा बढी भएर जान्छ। स्वभावतः तब हावा फोक्सोबाट बाहिर आउँछ । यसैलाई 'एक्स्पिरेशन' भनिन्छ र दुवैलाई एक साथ रेसपिरेशन भनिन्छ । यसलाई 'इन्हेलेशन' र 'एक्सहेलेशन' पनि भनिन्छ र दुवैलाई 'ब्रिदिङ' भनिन्छ। वास्तवमा पछिल्लो नै उचित हो किनभने वास्तवमा रेसपिरेशन भन्ने क्रिया आक्सिजनको उपस्थितिमा सेलमा हुने मेटाबोलिज्मलाई भनिन्छ, जो केमिकल प्रक्रिया हो । तर फोक्सोमा विनिमय हुने कुरा भौतिक प्रक्रिया हो। फोक्सोको वजन १.३ किलो हुन्छ र यसको आकार २७ सेमी लामो हुन्छ। दायाँमा एपेक्स, मिडिल र लोवर तीन लोव तर बायाँमा एपेक्स भएपनि अपरमा नै गनिन्छ र अर्को लोवर लोव हुन्छन्। फोक्सो जुन ससाना बैलुनले बनेको हुन्छ, त्यसलाई अल्भियोलस भनिन्छ, जसको आकार २०० माइक्रोन हुन्छ। प्रत्येक फोक्सोमा यसको सङ्ख्या ३५० मिलियन हुन्छ र सबैलाई जोडियो भने यसको क्षेत्रफल १०० वर्गमिटर अथवा एक टेनिस कोर्टको बराबर हुन्छ। यसलाई रेसपिरेटरी जोन भनिन्छ। मतलब यति ठूलो र फराकिलो ठाउँमा आक्सिजन र कार्बन डाइअक्साइडको आदानप्रदानरूपी टेनिस खेल त्यहाँ हुन्छ, ताकि शरीरलाई प्रशस्त आक्सिजन मिल्न सकोस्। कसरी विकास भयो त यस विस्तृत क्षेत्ररूपी फोक्सोको ? भनिन्छ कि आजभन्दा ४०० मिलियन वर्ष पहिले जब समुद्री माछालाई अप्ठ्यारो पर्‍यो, तब माछामा नै यसको प्रथमतः विकास भयो, जसका सन्तति हामी हौं र हाम्रोमा पनि छ।

रेसपिरेशन तीन थरीका हुन्छन्ः एक्सटर्नल, इन्टरनल र सेल्युलर । फोक्सोसम्म बाहिरबाट हावा जानु र आउनुलाई बाहिरी वा एक्सटर्नल रेसपिरेशन भनिन्छ । अब फोक्सोमा आक्सिजनलाई रगतले लिन्छ र बदलामा आफ्नो कार्बन डाइअक्साइडलाई फोक्सोमा दिने गर्छ। यसैलाई इन्टरनल वा भित्री रेसपिरेशन भनिन्छ। तत्पश्चात् रगतले ढुवानी गरेर आक्सिजनलाई प्रत्येक सेलमा पुर्‍याउँछ र सेलभित्रको कार्बन डाइक्साइडलाई लिएर फर्किन्छ। त्यस आक्सिजनको उपस्थितिमा सेलभित्र सबै प्रकारका मेटाबोलिज्म हुन्छन् र यसै सेलभित्रको प्रक्रियालाई सेल्युलर रेसपिरेशन भनिन्छ । यो ल्याटिन रेस्पायरबाट आएको हो, जसको मतलब टु ब्रिद हो। यो सेल्युलर एस्पेक्टमा नै प्रयोग हुनुपर्नेमा सबै प्रकारका लागि प्रयोग गरिन्छ।

फोक्सोमा हावा भित्र र बाहिर जाने कुरा घाँटीमा अवस्थित एक मुख्य नली भएर यात्रा गर्छ, जसलाई ट्रेकिया वा श्वसननली भनिन्छ। ल्याटिन ट्रेखोसको अर्थ विन्डपाइप हुन्छ। अतः श्वसन अङ्गमा नाक, मुख, फैरिंक्स, लैरिंक्स पनि हुन् भने पनि ट्रेकियाको चर्चा यहाँ वाञ्छनीय छ । ट्रेकियाबाट फोक्सोको अन्तिम युनिटसम्म यस विन्डपाइपको तुलना एउटा उल्टो रूखसँग गर्न सक्नुहुन्छ, जसको तना ट्रेकियाको रूपमा माथि र अन्य साना ठूला शाखाहरू तल हुन्छन्। ट्रेकिया चार इन्च लामो र एक इन्च ब्यास भएको कार्टिलेजको रिङ र भित्र म्युकस भएको नली हो, जुन घाँटीबाट शुरू भएर छातीको ५औं रिढको हाडको लेभेलमा दुईवटा ब्रान्च बनाउँछः दायाँ ब्रोकस जो दायाँ फोक्सोमा र बायाँ ब्रोकस जो बायाँ फोक्सोमा प्रवेश गर्छ । दायाँ बायाँभन्दा अलि लामो र बढी भर्टिकल हुन्छ, जस कारण कुनै बाहिरी कुरा सुटुक्क त्यसैमा प्रवेश गरेको हुन्छ, बायाँमा होइन । फोक्सोभित्र ब्रोकसका अनेक शाखा प्रशाखा निस्किन्छन्, जसलाई ब्रोन्कियोल भनिन्छ। ब्रोन्कियोलमा पनि प्राइमरी, सेकेन्ड्री र टृसियरी गरी अनेक हुन्छन् । अन्तिम ब्रोन्कियोल छवटा अल्भियोलर डक्टमा विभाजित हुन्छन्, जसलाई अल्भियोलर डक्ट भनिन्छ । एउटा अल्भियोलर डक्टमा चारवटा अल्भियोलर सैक हुन्छन्, जो अङ्गुरको लहरा जस्तो देखिन्छ। प्रत्येक अल्भियोलर सैकमा तीन वा चारवटा अल्भियोलस हुन्छन् । यसै अल्भियोलाईहरूमा रेसपिरेशनको अन्त हुन्छ अथवा हावाको अन्तिम पडाव यही हो, जहाँ रगतले आक्सिजन लिन्छ र कार्बन डाइक्साइड प्रदान गर्छ । यही अल्भियोलाईमा हावा भरिए बैलुन जस्तै फुल्छ र हावा निस्के खुम्चिन्छन् । दुवै फोक्सोमा यिनको सङ्ख्या ७५० मिलियन हुन्छ। ट्रेकियाबाट यहाँसम्म हावालाई ल्याइ पुर्‍याउने जुन ठूला मसिना मार्गहरू, शाखाहरू छन्, उनको लम्बाई एक साथ मिलाइयो भने १२०० माइलभन्दा पनि बढी हुन्छ। त्यत्रो ठूलो रूखको अन्तिम शाखामा अल्भियोलसरूपी फूल वा फल लागेको

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यसको लागि हामीले अरू चिन्ता छोडेर आफूलाई सच्चा धार्मिक बनाउनको लागि धार्मिक कर्महरू गर्नुपर्छ र आफूलाई कुनै सम्प्रदायको सदस्य हैन भगवान्को सन्तानको रूपमा परिचय दिनुपर्छ । हामीहरू एकपटक यस्ता साम्प्रदायिक कुरीतिहरूलाई छोड्ने अठोट गरौं। कुरीतिहरूमा जकडिएर नबसौं। साम्प्रदायिक मान्यताहरूमा नअल्झिऔं, कसैसँग पनि नडराऔं। हामीहरू डराएर बसेकै कारणले आजसम्म केही उपलब्धि हुन नसकेको हो। धर्मकै कारणले कसैसँग अलग हुने कारण बनेका धार्मिक मार्गहरूलाई छाडिदिउँ। अब हामीहरूको सोचमा विशालता आउनेछ। हामीहरूको मनमा जरो गाडेर बसेको सङ्कीर्णता सदाको लागि बिदा हुनेछ । जब हामीहरूलाई पूरा संसार राम्रो लाग्न थाल्नेछ, तब हामीहरूभित्र धार्मिक भावनाको अङ्कुरण हुन थाल्नेछ । हामीहरूले हाम्रो कर्मभित्र नै धार्मिकता घुलमिल भएको महसूस गर्नेछौं। हामीहरू हाम्रो जीवनमा स्वर्गीय आनन्दको अनुभूति गर्न थाल्नेछौं।

हामीहरू कसैको नराम्रो सोच्दैनौं, दयाको कुरा गर्छौं, अहिंसाको कुरा गर्छौं, हाम्रो धर्मले हामीहरूलाई सबै जीवमाथि दया गर्न सिकाउँछ, हाम्रो धर्ममा कुनै गलत कुराहरू छँदै छैनन्, हाम्रो धर्ममा केही परिवर्तन गर्नुपर्ने कुराहरू छैनन् भन्ने हामीहरूलाई लाग्छ। हाम्रो धर्म सबैभन्दा महान् छ, हाम्रो धर्म पुरानो छ, यसैले हामो धर्म एकदम ठीक छ भन्ने हामीहरूलाई लाग्छ । परिवर्तन त ती धर्म तथा तिनीहरूलाई पर्छ, जो ठीक छैनन् भन्ने हामीहरूलाई लाग्छ। बुझ्नुपर्ने कुरा के छ भने यहाँ कुरा धार्मिकतालाई गलत ठहर्‍याउनुमा छैन । धार्मिकता त सधैंभरि ठीक नै हुन्छ । जहाँ सच्चा धार्मिकता छ, त्यहाँ गलत हुने प्रश्न नै उठ्दैन तर धार्मिकतालाई जसले अलग–अलग पहिचान र अलग–अलग उपनाम दिएका छन्, त्यो नै पृथकतावादको कारण बनिरहेको छ । यिनै अलग–अलग उपनामहरूको चक्करमा हामीहरू एकापसमा लडिरहेका छौं । यसैले कुनै यस्तो कुरा गरौं, जुन शाब्दिकरूपमा ठूलो नलागोस् तर त्यसको परिणाम भने सुखद आओस् । धर्मको साथमा अरू शब्द नजोडौं। धर्मलाई केवल धर्म मात्र रहन दिउँ । तब हाम्रो जीवन सुखमय कमलको फूल जस्तै हुनेछ। हामीहरूको संसार नै स्वर्ग समान बन्नेछ। वर्तमान मानवजीवनको सच्चाइ हामीहरूको सामुन्नेमा उभिएको छ । जुन सिद्धान्त वा मतले मानिसलाई मानिसबाट अलग हुन सिकाउँछ, त्यो धर्म हुन सक्दैन । साँचो कुरा यही हो। जसले मानिसलाई मानिससँग आपसमा मिलाउँछ, उनीहरूमा प्रेमको सञ्चार गर्छ, त्यो नै सबैभन्दा ठूलो धर्म हो।

हामीहरू दिनहुँ भगवान्को चर्चा परिचर्चा गर्नेगर्छौं । तर केही जान्दै नजानीकन, बुझ्दै नबुझीकन भनवान्को चर्चा गर्नु मूर्खता मात्र हो । भगवान् हामीहरूको जानकारीभन्दा माथि छन्। भगवान्को रूप कस्तो छ ? भगवान् कहाँ बस्छन् ? भगवान्ले संसार कसरी चलाउँछन् ? भगवान्ले कसरी पाप र पुण्यको हिसाबकिताब राख्छन् ? भगवान् कहिलेदेखि छन् ? यस प्रकारको जानकारी लिनुभन्दा पहिले म को हुँ ? म केको लागि यस धर्तीमा आएको हुँ ? भन्ने जिज्ञासाहरूको खोजी गर्नु जरुरी छ । एकैपटक भगवान्लाई जान्ने प्रयास गर्दा हामीहरू दिशाविहीन हुन जानेछौं । सबैभन्दा पहिले हामीहरूले आफूले आफैंलाई चिन्नु जरुरी छ। हामी को हौं ? कहाँबाट आयौं ? केको लागि आयौं ? भन्ने कुरा जान्न जरुरी छ। हामीहरूले आफूलाई जति जान्दै जान्छौं, त्योभन्दा बढी जान्ने प्रयास जारी राख्नुपर्छ। हामीहरूले हाम्रा सारा प्रयास यसैमा लगाइदियौं भने राम्रो हुन्छ । हामीहरूले जे गर्नु छ, आफैंमाथि गर्नु छ। हामीले आफ्नो शक्तिलाई चिन्नु छ। आफूभित्र रहेको ऊर्जालाई महसूस गरी अधिकतम सदुपयोग गर्नु छ । त्यसको संरक्षण र संवर्धन गर्नु छ। आफूलाई रूपान्तरण गर्दै आन्तरिक जीवनलाई श्रेष्ठ बनाउनु छ । आन्तरिकरूपमा केही सृजनात्मक कार्य गर्नु छ। हामीहरू आफ्नो सम्पूर्ण ध्यान यसै दिशातर्फ केन्द्रित गरौं। आफ्नो शक्तिलाई चिनेर आफूलाई रूपान्तरण गर्न मानसिकरूपले तयार गरी हामीहरूले केही गर्‍यौं भने धेरै अनौठा घटना हाम्रो जीवनमा घट्नेछन्। हालसम्म हामीहरू जुन कुरा गर्न सक्दैनौं, त्यही जान्ने प्रयास गर्दै आफ्नो सम्पूर्ण जीवन बिताइरहेका छौं। ईश्वरीय देनबाट हामीहरूलाई जुन अथाह ऊर्जाको भण्डार प्राप्त भएको छ, हामीहरू त्यसलाई जान्नको लागि समय खर्च गरौं । यो अथाह ऊर्जाको बारेमा हामीहरूले जानकारी प्राप्त गर्न सक्यौं भने जीवनमा हामीहरू धेरै थोक गर्न सक्ने हुनेछौं।

अब म जुन कुरा भन्न गइरहेको छु तपाईंहरूलाई लाग्न सक्छ यो कुरा त नास्तिकले गर्ने कुरा हो तर यो कुरा त्यस्तो हैन यसलाई राम्ररी मनन गर्न भने जरुरी छ। भगवान् छन् र उनले आफ्नो कृपाको वर्षा हामीहरूमाथि निरन्तररूपमा गरिरहेका छन्। यो कुरा हामीहरूले मानिरहेका छौं र यसलाई हामीहरू सधैंभरि मानौं, भगवान्को अस्तित्वलाई स्वीकार गरौं । हामीहरू ईश्वरतर्फको यात्रा शुरू गरौं। साधारण मानिसको त्योभन्दा अगाडि भगवान्को खोजी गर्ने, उनको बारेमा विस्तृत अध्ययन गरी गहिराइसम्म जाने सामर्थ्य छैन । त्यस्तो कोशिश गर्न सर्वसाधारण सबै मानिसलाई सम्भव पनि छैन । हामीहरूमा आफ्नोबारेमा जान्ने सामर्थ्य छ। हामीहरूमा हामीभन्दा तल्लो स्तरसम्मको कुरा जान्ने सामर्थ्य छ तर हामीहरूमा हामीहरूभन्दा माथिल्लो स्तरको कुरा जान्ने सामर्थ्य छैन।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## इबोला प्रकोपको नियन्त्रण गर्न देशहरूलाई आर्थिक अभाव

कम्पाला, १८ कात्तिक/सिन्हवा

इबोलाका विरुद्धमा सङ्घर्ष गर्नका लागि आर्थिक सहयोग आवश्यक रहेको युगान्डाको सरकारले जनाएको छ । युगान्डाको सरकारले हाल त्यहाँ फैलिएको इबोलाको प्रकोपको नियन्त्रण गर्न र यसका विरुद्ध लड्न कम्तीमा पनि २० मिलियन अमेरिकी डलर आवश्यक रहेको जनाएको छ ।

युगान्डाका स्वास्थ्यमन्त्री मार्गरेट मुहाङ्गाले बिहीवार यहाँको संसद्मा बोल्दै यहाँ इबोलाको प्रकोपका विरुद्धमा लड्न सो रकम आवश्यक रहेको जानकारी दिएकी हुन् । उनले पछिल्लो समयमा इबोलाको प्रकोपले देशको स्वास्थ्य क्षेत्रलाई नै चुनौती दिन थालेको भन्दै यसका लागि सो रकम आवश्यक परेको र यसबाट इबोलाको औषधि उपचारका लागि अन्य स्वास्थ्य संरचनाहरू निर्माण गर्नुपर्ने अवस्था रहेको जानकारी संसद्मा जानकारी दिएकी हुन् ।

हालैमात्र विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस आधनाम ग्याब्रेसियसले पनि युगान्डा र यसका छिमेकी देशहरूमा इबोलाको प्रकोप बढिरहेकाले यसको रोकथाम तथा नियन्त्रणका लागि रकम आवश्यक रहेको जानकारी ट्वीट गरेर दिएका थिए ।

यसअघि युगान्डाको सरकारले पनि देशको ठूलो मात्राको बजेट इबोला नियन्त्रणका लागि खर्च भइसकेको तर अझै महामारी नरोकिएकोले ठूलो रकम आवश्यक रहेकाले सहयोगका लागि विश्व समुदायसँग आग्रह पनि गरेको थियो । रासस

## रूसले बेलाइतका राजदूतलाई बोलायो

मस्को, १८ कात्तिक (एएनआई)

ब्ल्याक सीको सेभास्टोपोल बन्दरगाहमा आफ्ना पानीजहाजमाथि युक्रेनीहरूले गरेको हमलामा बेलाइतकोसमेत संलग्नता रहेको भन्दै त्यससम्बन्धमा विरोध जनाउन मस्काले बेलाइतका राजदूतलाई बोलाएर स्पष्टीकरण लिएको छ ।

रूसी विदेशमन्त्रालयले बेलाइतका राजदूत डेबोरा ब्रोनर्टलाई बिहीवार मन्त्रालयमा बोलाएर ब्ल्याक सीमा आफ्ना जहाजमाथि गरिएको युक्रनी आक्रमणका निम्ति बेलाइतका फौज विशेषज्ञ परिचालन भएका तथा बेलाइतबाट अन्य सहायतासमेत प्रदान गरिएको सम्बन्धमा स्पष्टीकरण लिएको हो ।

बेलाइतले द्वन्द्व बढाउने गतिविधि बढाएकोमा मस्कोले आपत्ति जनाउँदै त्यसले अप्रत्याशित जोखिम र परिणाम निम्त्याउने चेतावनी दिएको छ । द्वन्द्वमा प्रत्यक्ष प्रभाव पार्ने आक्रमक कार्य जारी रहेमा त्यसले दुई देशबीचको सम्बन्धमा पनि तनाव सृजना गर्ने बताउँदै विदेश मन्त्रालयले त्यसको जिम्मेवारी बेलाइतले पक्षमा पर्ने विरोधपत्रमा उल्लेख गरेको छ ।

बढ्दो वैमनस्यपूर्ण एवम् उत्तेजक गतिविधिप्रति असहमति जनाउँदै क्रेमलिनले त्यस्ता गतिविधि तत्काल बन्द गर्न माग गरेको विदेश मन्त्रालयले ट्वीट गरेको छ । युक्रेनको नौ सेनाका साथै युक्रेनी सैन्यबलका गोताखोरलाई बेलाइतले तालिम दिएको थियो ।

## गुजरात पुल दुर्घटना : खोज तथा उद्धार स्थगन

ओटावा, १७ कात्तिक/सिन्हवा

भारतको पश्चिमी राज्य गुजरातका अधिकारीहरूले मोर्बीको मच्छु नदीमा हराएकाहरूको खोजी स्थगन गरेका छन् । गत आइतवार राति मच्छु नदीको झोलुङ्गे पुल भाँचिदा १४१ जनाको मृत्यु भएको थियो भने कैयौंजना हराएका थिए । उद्धारकर्ताले गएरातिदेखि खोज स्थगन गरेका हुन् । नदीबाट १७७ जनालाई उद्धार गरिएको र कोही पनि हराएको सूचना प्राप्त नभएकाले खोजी स्थगन गरिएको उनीहरूले बताएका छन् । स्थानीय प्रशासनले त्यसलाई पुष्टि गरेको छ । पुल भाँचिदा सयजना घाइते भएका थिए ।

बेलायतको शासनकालमा शताब्दीअघि निर्मित उक्त पुल सात महीनाको मर्मतसम्भारपछि अघिल्लो साता सञ्चालन गरिएको थियो ।

पुलको भारवहन क्षमताभन्दा बढी मानिस त्यहाँ एकत्र भएपछि उक्त दुर्घटना भएको हो । पुलको क्षमताभन्दा पाँच सयजना बढी मानिस दुर्घटनाका बेला पुलमा रहेका विवरणहरू सार्वजनिक भएका छन् । स्वदेशी तथा विदेशी पर्यटकका निम्ति मोर्बी पुल आकर्षक गन्तव्य मानिन्छ । प्रधानमन्त्री नरेन्द्र मोदीलगायत केन्द्र र राज्य सरकारका उच्च अधिकारी मोर्बी पुगेर दुर्घटनाबारे जानकारी लिएका थिए । विश्वभरका नेताहरूले उक्त घटनामा मारिएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै भारत सरकारसमक्ष शोक व्यक्त गरेका थिए । गत मङ्गलवार दुर्घटनामा मारिएकाको सम्झनामा भारत राजकीय शोकमा थियो । पुल मर्मतसम्भारको ठेक्का पाएको ओरेभा ग्रुप अजन्ता म्यानुफ्याक्चरिङ प्राइभेट लिमिटेडका दुईजना प्रबन्धक, ठेकेदारलगायत नौजना कर्तव्य ज्यान अभियोगमा पक्राउ परेका थिए । यद्यपि उनीहरूमाथि नियतवश ज्यान मार्ने उद्योग गरेको अभियोग भने नलगाइएको बताइएको छ । रासस

## घरको छतबाट लडेर बालिकाको मृत्यु

प्रस, वीरगंज, १८ कात्तिक/

वीरगंज महानगरपालिका–१, छपकैया निवासी मुकेश ठाकुरकी दुई वर्षीया छोरी सजना ठाकुरको शुक्रवार दिउँसो ११:३० बजे घरको छतबाट लडेर मृत्यु भएको छ ।

घरको बालकोनीमा खेल्ने क्रममा अनियन्त्रित भई अचानक जमीनमा लडी टाउकोमा गम्भीर चोट लागेर घाइते भएकी सजनालाई उपचारको लागि नारायणी अस्पताल, वीरगंजमा ल्याइएको थियो ।

थप उपचारको लागि उनलाई एलएस न्युरो अस्पतालमा भर्ना गरिएको थियो । उपचारको क्रममा शुक्रवार साँझ ५ बजे नाबालिकाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाइएको छ भने घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

## निर्वाचन बहिष्कार गर्ने निर्णय

प्रस, वीरगंज, १८ कात्तिक/

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, अध्यक्ष ऋषि कट्टेल र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव आहुतिले विज्ञप्ति जारी गरी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचन बहिष्कार गर्ने जनाएका छन् ।

नेकपाको बुढनगर काठमाडौंमा सम्पन्न बैठकले निर्वाचन बहिष्कार गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ ।

## हरिबोधिनी एकादशी

प्रस, पोखरिया, १८ कात्तिक/

पर्सा जिल्लाका हिन्दू धर्मावलम्बीहरूले शुक्रवार हरिबोधिनी एकादशी पर्व मनाएका छन् । हरिबोधिनी एकादशीका दिन व्रतालुहरूले उपवास बसेर भगवान् विष्णुको पूजा आराधना गर्छन् ।

आजको दिन तुलसीको विवाह गरिन्छ । बिहान तुलसीमठलाई सिङ्गारेर बेलुका तुलसीको विवाह गरिन्छ ।



आज दिनभरि भगवान् विष्णुको पूजा गर्न व्रतालुहरू मन्दिरमा पुगेका थिए ।

## सामाचकवामा ...

व्यङ्ग्यात्मकता भने आइहाल्छ ।

सामाचकवा हास्यात्मकताको दृष्टिकोणले परिचित होइन, न त यो व्यङ्ग्यात्मकताप्रधान कथानक नै हो । यसको गीतमा पनि व्यङ्ग्यात्मकताको मात्रा कम पाइन्छ, यसले हास्यरसको उत्पादन निस्सन्देह अल्प नै हुन्छ तर विशिष्टतामा र व्यावहारिक परिवेशमा हेर्दा जब चुङ्लाको प्रसङ्ग आउँछ, तब हास्यको स्वाभाविक रसोत्पत्ति हुन्छ । यसरी हेर्दा चुङ्लाको व्यावहारिक प्रयोग हास्यरसको स्थायी भावको रूपमा रहेको देखिन आउँछ ।

चुङ्लाको प्रतिमामा भएको दाह्री–जुँगालाई डढाउनु र हरेक दिन उक्त प्रतिमालाई गीतसँगै कुटपिट गर्नुले पनि हास्यात्मकताको सिर्जना गर्छ । यसैगरी, पूर्णिमा राति जब सामाचकवाको रूपमा रहेका सबै प्रतिमालाई कुनै पवित्र जलाशयमा सेलाउनुभन्दा पहिले भाँच्ने काम गरिन्छ, तब सबैभन्दा पहिले चुङ्लाप्रति नै निर्दयता देखाइन्छ । यसैगरी, सेलाउने क्रममा जहाँ चरो, सामा, चखेवा र अन्य प्रतिमाहरूलाई जलाशयमा सेलाइन्छ, त्यही चाहिं चुङ्लाको प्रतिमालाई फोहोर विसर्जन गर्ने ठाउँमा वा फोहोरमा नै फालिन्छ । आजभोलि शौचालय वा यस्तै फोहोर ठाउँमा चुङ्लालाई मिल्काउने गरिन्छ । त्यहाँ पनि गाली गरिन्छ । यसबाट यो स्पष्ट हुन आउँछ कि चुङ्लाप्रतिको सामाजिक दृष्टिकोण निकै पहिलेदेखि नै नकारात्मक थियो । असत्य र पापको प्रतीकको रूपमा रहेको चुङ्लाप्रति घृणा र विद्वेष फैलाउने काममा सामाचकवाको पनि अप्रत्यक्ष भूमिका रहेको देखिन्छ ।

सामाचकवा हाम्रो समाजमा छठको पारन अर्थात् कात्तिक शुक्ल सप्तमीदेखि पूर्णिमासम्म खेलिने लोकसांस्कृतिक सम्पदा हो । अब अवशेषको रूपमा मात्र बाँकी छ बाजी समुदायमा तर अझै पनि थारू समुदायमा भने तुलनात्मकरूपमा राम्रोसित मनाइन्छ । अब सामा महोत्सव पनि हुन थालेको छ तर यस संस्कृतिको गरिमालाई बुझ्नेहरूले भनिरहेका छन्– सामाचकवा अब लोप भइसक्यो । यदि यसको संरक्षण गर्ने हो भने यसमा वर्तमान समाजलाई काम लाग्ने धेरै कुरा निकाल्न सकिन्छ । कात्तिक महीनालाई धार्मिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक र चेतना दिने महीनाको रूपमा परिभाषित गर्न सामाचकवाले पनि भूमिका निर्वाह गरेको यथार्थलाई अस्वीकार गर्न सकिन्न ।

## कहाँनिर चुक्दैछ ...

छ । जब सबैजनाले कृषिको विकासविना प्रदेशको विकास हुन सक्दैन भन्नुहुन्छ तर त्यसैको लागि उहाँहरू गम्भीर भएर किन लाग्नुहुँदैन ? उनले प्रश्न सोधे ।

मधेस प्रदेशको एउटा जिल्लामा हरेक वर्ष रु एक करोड पर्ने सयवटा डीप टयुबेलको माग रहे तापनि सरकारबाट फाटफुटरूपमा आयोजनाहरू सञ्चालन हुने गरेको छ । बजेट पर्याप्त नहुँदा किसानहरूलाई ढाँटनुबाहेक हामीसँग कुनै उपाय नरहेको उनको भनाइ छ ।

त्यसैगरी, प्रदेशको आयोजनामा प्रदेशका नेताहरूको पनि प्रभाव रहने गरेको किसानहरूले आरोप लगाएका छन् । वास्तविक किसानको खेत र गाउँमा टयुबेल जाँदैन तर जुन नेताको प्रदेश सरकार र सम्बन्धित मन्त्रालयमा पहुँच हुन्छ तिनका कार्यकर्ताहरूलाई किसान बनाइ सहजरूपमा सिंचाइ सुविधा प्राप्त हुने गरेको ग्रामीण भेगका किसानहरू बताउँछन् ।

विज्ञहरूले प्रदेशको समुचित विकासको लागि इस्टोरियो–स्टोरेज टाइप (ठूला नदीबाट पानी ल्याएर भण्डारण गरी वितरण गर्ने सिंचाइ आयोजना)को सिंचाइ आयोजनाको प्रदेशमा आवश्यकता महसूस गरिएको बताउँछन् । जानकारहरूका अनुसार किसानहरूले वर्षाको पानी, नदी–नाला, पोखरीको पानी र भूमिगतको पानी प्रयोग गरेर खेती किसानी गर्ने गरेका छन् । तर पर्याप्त सिंचाइको व्यवस्था नहुँदा किसानहरूले वर्षमा तीन बाली लगाउन सक्दैनन् । कतिपय ठाउँमा त एक बाली पनि मुस्किलले लाग्छ र सयौं बिघा जग्गा बाँझो रहन्छ ।

जबसम्म प्रदेशको कृषिमा सिंचाइको सुविधा हुँदैन, तबसम्म प्रदेशको कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गर्न नसकिने बताइन्छ । किनभने कृषिको मुख्य आधार नै पानी हो । पानीविना कतिपय मुख्य बाली तरकारी बाली, फलफूल, बेमौसमी तरकारी लगाउन सकिंदैन । साथै सरकारले किसानको लागि अनुदानमा दिने गरेको कृषिमिटरमा पनि सिंचाइ आयोजना निर्माण गर्ने कार्यालय र नेपाल विद्युत् प्राधिकरणबीच तालमेल र समन्वयको कमीले गर्दा समयमा किसानहरूले मिटर नपाउने गरेको गुनासो गर्छन् ।

कुनै कुनै आयोजनामा डीप टयुबेल जडान गरिसकिएको र घरनिर्माण गरिसकेको र पोल र तार पनि गाडी सकेको तर पनि मिटर जडानमा झन्झट खेप्नुपर्दा सिंचाइ आयोजनाहरू पाँच वर्षसम्म ढिला भएको कारण खेती किसानी प्रभावित भएको किसानहरू बताउँछन् । यस्ता समस्याको सन्दर्भमा नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजका प्रमुख जीतेन्द्रकुमार झाले दुई वर्षअघि प्राधिकरणले कृषिमिटरमा डिमान्ड शुल्क लिंदै आएकोमा अहिले त्यो हटाएको बताउँदै कृषि र सिंचाइ क्षेत्रमा प्राधिकरणको नीति उदार र प्रभावकारी रहेको दाबी गरे । उद्योगलाई रु १३ मा प्रतियुनिटमा बिजुली दिन्छौं भने घरेलु फिडरमा रु ११ र सिंचाइ आयोजनाको लागि कृषिमिटरमा प्रतियुनिट रु ३.५० को दरमा सरकारले बिजुली उपलब्ध गराउने गरेको उनले बताए ।

सिंचाइ आयोजना निर्माण गर्ने, अनुगमन गर्ने र व्यवस्थापन गर्ने निकायको आपसी मतभेद र लापरवाहीले गर्दा आयोजना पूरा भए तापनि मिटर चालू भएर बिजुली जान नसकेको उनले दाबी गरे । हामी त सधैं तयार हुन्छौं, सिंचाइ आयोजना कार्यालय र उपभोक्ता समितिको तालमेल नमिल्दा कुनै आयोजनामा दुई/तीन वर्षसम्म मिटर जडान हुन नसकेको उनले बताए ।

**के गर्नुपर्छ प्रदेश सरकारले ?**

मधेस प्रदेशको कुल भूमिमा सिंचाइको ............. प्रतिशत पहुँच भए तापनि त्यो सबै कागजमा देखाउने प्रतिशत हो । वास्तविक तथ्याङ्क छुट्टै छ । प्रदेशलाई हराभरा र कृषिमा क्रान्ति गर्ने एजेन्डाका साथ जानुपर्नेमा अहिलेको चुनावमा मुख्य दलहरूले आफ्नो घोषणापत्रमा सो मुद्दा समेटेका छैनन् । चुनावको बेला भोज खुवाएर मत लिने र मञ्चमा ठूलठूला किसान र सिंचाइको कुरा गर्ने नेताहरूलाई सिंचाइको समस्याबारे अवगत गराउनुपर्ने आवश्यकता रहेको प्रदेशवासीको भनाइ छ । जुन नेता सिंचाइको समस्यामा गम्भीर छैनन्, त्यस्ता नेताहरूलाई जनताले यसपालिको चुनाव विचार गर्नुपर्ने किसानहरूको भनाइ छ ।

## फोक्सो ...

अद्भुत र अनौठो दृश्य जस्तो देखिन्छ ।

जब हावा लिइन्छ, तब त्यसमा २१ प्रतिशत आक्सिजन र ०.०४ प्रतिशत कार्बन डाइअक्साइड हुन्छ, जुन वायुमण्डलको नै अनुपात हो । जति हावा लिइन्छ, त्यति नै हावा बाहिर आउँछ । तर बाहिर आउने हावामा आक्सिजन घटेर १६ प्रतिशत हुन्छ र कार्बन डाइअक्साइड बढेर ४.४ प्रतिशत हुन्छ । बाँकी आक्सिजनलाई फोक्सोबाट रगतले लिई सकेको हुन्छ र जुन कार्बन डाइअक्साइड रगतले छोड्छ, त्यो फोक्सोमा उपस्थित कार्बन डाइअक्साइडको मात्रा बढाइदिन्छ । जति अशुद्ध रगत शरीरबाट मुटुको दायाँ एट्रियममा जान्छ, त्यो सबै त्यहाँबाट पल्मोनरी धमनी भएर दुवै फोक्सोमा जान्छ, जो प्रतिमिनट पाँच लिटर हुन्छ । यही रगत शुद्ध भएपछि पल्मोनरी सिरा भएर मुटुको दायाँ एट्रियममा जान्छ । रगतले सेलहरूमा केवल ४० प्रतिशत आक्सिजनलाई नै पुऱ्याउँछ र बाँकी ६० प्रतिशत तापको रूपमा नोक्सान हुन्छ । तर पनि त्यस ४० प्रतिशत आक्सिजन नै यति प्रशस्त हुन्छ कि शरीरभरका शरीरको राम्रो अटोमोबाइल इन्जिनले पनि त्यति ऊर्जा पैदा गर्न हम्मेहम्मे पर्छ । नाकको रौंले हावाका धूलकणलाई भित्र जान दिंदैन । त्यसलाई छलेर भित्र पस्ने धूलो र ब्याक्टेरिया वा भाइरसलाई नाक र विन्डपाइपको म्युकसले ट्रैप गर्छ र बलगमको रूपमा निकाल्छ । त्यसलाई पनि छलेर अगाडि बढ्नेलाई ब्रान्कस र ब्रन्कियालहरूका म्युकसले ट्रैप गरी खकारको रूपमा निकाल्छ । त्यसलाई छलेर बढ्नेलाई फोक्सोमा मौजुद मैक्रोफेजले निल्छ । त्यसलाई पनि छल्ने भाइरस ब्याक्टेरियालाई रगतको मैक्रोफेजले निल्छ । यस्तो चार किल्ला पार गरेर पनि रोग हुन्छ भने अचम्मै त छ नि ।

यही हो श्वसन वा ब्रिदिङको छोटकरी बयान । जति–जति हवाईजहाज माथि जान्छ त्यति–त्यति आक्सिजन र कार्बन डाइअक्साइड दुवैको मात्रा कम हुँदै जान्छ । कार्बन डाइअक्साइड कम भएपनि मतलब भएन तर आक्सिजन कम भयो भने धेरै फरक पर्छ । शरीरले बिस्तारै यसको सन्तुलनको अभ्यास गर्दै अभ्यस्त हुन्छ । धेरै नै उचाइमा आक्सिजन मास्क प्रयोग गरेर कमी पूरा गरिन्छ । यसको विपरीत प्रक्रिया डाइभिङ गर्नेले समुद्रको गहिराइमा गर्नु गर्छन् । यी दुवै छुट्टै विषय हुन् । केही रेसपिरेशनसम्बन्धी टर्मिनोलोजीको संक्षिप्त वर्णन गरी यस फोक्सोको व्याख्या अब समाप्त गर्न चाहन्छु ।

**रेसपिरेटरी रेट :** एक मिनटमा हुने इन्स्पिरेशन र एक्स्पिरेशनको नम्बरलाई रेसपिरेटरी रेट भनिन्छ । नवजातमा यो ३० प्रतिमिनट, बच्चामा २५ र वयस्कमा १२ प्रतिमिनट हुन्छ ।

**पल्मोनरी भोल्युम :** विभिन्न अवस्थामा हावालाई लिने, होल्ड गर्ने र छाड्ने मात्रालाई पल्मोनरी भोल्युम भनिन्छ । यो तीन थरीका हुन्छन्: हर सासमा लिने र छोड्ने मात्रालाई टाइडल भोल्युम भनिन्छ । यो लिने र दिने दुवै मात्रा ५०० एमएल हुन्छ । अर्थात् जति लिइन्छ, त्यति नै छोडिन्छ पनि । कसरत र उत्तेजनाको बेला यो आठदेखि १० गुणाले बढ्छ ।

**अभियोलर भोल्युम :** लिएको ५०० सिसीबाट ३५० सिसी नै अभियोलाइमा पुग्छ, जसलाई अभियोलर भोल्युम भनिन्छ ।

**डेडस्पेस भोल्युम :** बाँकी १५० सिसी हावा रेसपिरेटरी पैसेजमा नै रहिरहन्छ, जसलाई डेडस्पेस भोल्युम भनिन्छ ।

**इन्स्पिरेटरी रिजर्भ भोल्युम :** यो बलपूर्वक भित्र लिने हावाको मात्रा हो, जसको अधिकतम मात्रा २००० देखि २५०० सिसी हुन्छ ।

**एक्स्पिरेटरी रिजर्भ भोल्युम :** यो बलपूर्वक छोडिने हावाको मात्रा हो, जुन अधिकतम १००० देखि १५०० सिसी हुन्छ । यी दुवै प्राणायामको बेलामा देखिन्छन् ।

**भाइटल कैपेसिटी :** मानिसले जति हावाको मात्रा एकपटकको श्वसनमा लिने वा छोड्ने शक्ति राख्छ, त्यसलाई भाइटल कैपेसिटी भनिन्छ, जुन ३५०० देखि ४५०० सिसी हुन्छ । यो उपयुक्त सबैको जोड हुन्छ । एथलेट र वर्कर्सको भाइटल कैपेसिटी बढी र स्मोकरको कम हुन्छ ।

**रेसिडुअल भोल्युम :** हावाको १५०० सिसी मात्रा सधैं अभियोलाईमा बसिरहेको हुन्छ, जसलाई कसैगरी पनि फयाँक्न सकिंदैन र जुन केवल सासलाई थामेको वा दम साँधेको बेला उपयोग हुन्छ । त्यसैलाई रेसिडुअल भोल्युम भनिन्छ ।

**टोटल लङ कैपेसिटी :** यो भाइटल कैपेसिटी र रिजर्भ भोल्युमको जोड हो, जुन ४५०० जोड १५०० गरी ६००० सिसी वा छ लिटर हुन्छ ।

**अभियोलर भेन्टिलेशन :** यो एक मिनेटमा अभियोलाईमा जाने हावाको मात्रा हो । यसमा रेसपिरेटरी पैसेजमा अड्केको हावाको मात्रालाई घटाएर आउने हावाको मात्रा हो यथा: १५ गुणा (५०० माइनस ३५०) बराबर १५ गुणा ३५० बराबर ५२५० सिसी ।

**डेडस्पेस भोल्युम :** जो पैसेजमा रहन्छ । यसको मात्रा १५० सिसी हो ।

लियोनार्डो दा भिन्चीले नर्भस सिस्टमबारे खोजको साथै फोक्सोमा पनि उल्लेखनीय काम गरेका थिए । मार्सिलो मालपिघीले सत्रौं शताब्दीमा मिर्गौला आदिको खोजको साथै फोक्सोमा पनि धेरै काम गरेका थिए । १९औं शताब्दीको अन्त्यमा सन् १८९५ मा जब राञ्जन नामक फिजिसिस्टले एक्स–रेको आविष्कार गरे, तब संसारमा तहलका मच्चियो र केवल एक महीनामा नै विश्वभरिमा एक्स–रे प्लान्टहरू धमाधम स्थापित हुन थाले । यो फोक्सोको रोग पहिचान गर्ने यति सटीक माध्यम बन्यो कि आजसम्म पनि त्यसलाई विस्थापित गर्न सकिएको छैन । रोचक तथ्य के हो भने फोक्सो केवल एक्स–रेमा नै देखिन्छ, अल्ट्रासाउन्डमा देखिंदैन । तर एक्स–रेमा कलेजो आदि पेटका अङ्गहरू देखिंदैनन् र अल्ट्रासाउन्डमा देखिन्छन् । यसरी एक्स–रे र अल्ट्रासाउन्ड एकअर्काका पूरक मात्र हुन्, विकल्प होइनन् । रेने लेनेकले जब स्टेथोस्कोपको आविष्कार गरे, तब मुटु र फोक्सोमा हुने रोगको सटीक साउन्ड सुन्न मदत गऱ्यो । यसरी अनेक माइल स्टोन पार गर्दै फोक्सो र मुटु रोगबारे यहाँसम्म आइपुगिएको छ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | मनोरञ्जन |
| मिथुन | कर्मप्राप्ति | कर्कट | प्रगति |
| सिंह | वादविवाद | कन्या | यात्रालाभ |
| तुला | कडाश्रम | वृश्चिक | सुसमाचार |
| धनु | उदरपीडा | मकर | विजय |
| कुम्भ | धनलाभ | मीन | भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

# उम्मेदवारद्वारा जनसभाभन्दा घरदैलो कार्यक्रमलाई प्राथमिकता

प्रस, वीरगंज, १८ कात्तिक/

शुक्रवारदेखि निर्वाचन आयोगले जनसभा, कोणसभा गर्नको लागि छुट



तस्वीर:सौजन्य

दिए पनि पर्सा, बाराका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूले जनसभालाई भन्दा घरदैलो कार्यक्रमलाई प्राथमिकतामा राखेका छन् ।

बारा क्षेत्र नं ४ बाट वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार किसान श्रेष्ठ र प्रदेशसभा सदस्यका उम्मेदवार जीतेन्द्र सोनलले विश्रामपुर गाउँपालिका–१ को कल्याणपुर, छतवा, घोडासहनलगायतका टोलहरूमा घरदैलो कार्यक्रम गरेर मतदाताहरूसँग मत मागे । उनीहरूले आगामी चुनावमा वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन आग्रह गरेका थिए ।

यसैगरी, पर्सा क्षेत्र नं १ का स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले वीरगंज महानगरपालिका–१५ लक्ष्मणवामा मत मागेका छन् । शुक्रवार उनले स्वतन्त्र उम्मेदवारलाई विजयी गराएर जनअपेक्षा अनुरूप काम गराउन आग्रह गरे । राजनीतिक दलमा आबद्ध हुँदा दबाबका कारण काम गर्न असहज भएपनि स्वतन्त्र उम्मेदवारहरूलाई त्यस्तो रोकटोक नभएकोले क्षेत्रको विकासको लागि आफूलाई मतदान गर्न उनले मतदातासँग आग्रह गरे ।

पर्सा क्षेत्र नं २ (२) बाट प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले बहुदरमाई नगरपालिका–२ सिसियाडीमा घरदैलो गरेर मतदातालाई भेटेका छन् । उनले जनअपेक्षा अनुसारको काम गराउने उद्देश्यका साथ आफूले स्वतन्त्र उम्मेदवारी दिएको भन्दै मतदाताहरूलाई चुनावमा सघाउन आग्रह गरे ।

यसैगरी, क्षेत्र नं १ (२) बाट हाम्रो नेपाली पार्टीका प्रदेशसभा सदस्यका उम्मेदवार ओमप्रकाश सर्राफ र समानुपातिक उम्मेदवार गुड्डी जोशीले वीरगंज महानगर–४ बिर्तामा घरदैलो र जनसंवाद गरेका छन् । सो अवसरमा उम्मेदवार सर्राफले यसअघि प्रदेशसभामा जितेकाहरूले पाँच वर्षसम्म कार्यकर्ता पाल्नेबाहेक जनताको हितमा कुनै काम नगरेको आरोप लगाए । उनले आफूले जितेमा जनसल्लाह अनुसार विकास निर्माण कार्य गर्ने दाबी गरे ।

# निर्वाचनलाई लक्षित गरी सुरक्षा व्यवस्था चुस्त बनाउन मुख्यमन्त्रीको निर्देशन

प्रस, जनकपुर, १८ कात्तिक/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य **निर्वाचन**मा सुरक्षा व्यवस्था चुस्त बनाउन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीले सुरक्षा अधिकारीलाई निर्देशन दिएका छन् ।

शुक्रवार सङ्घीय गृह मन्त्रालय र मधेस सरकार गृह तथा सञ्चार मन्त्रालयको संयुक्त आयोजनामा जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले खुला सिमानाको कारण आन्तरिक सुरक्षामा चूक हुन सक्ने र निर्वाचन पनि प्रभावित हुन सक्ने खतराबारे सचेत रहन निर्देशन दिएका थिए ।

गोष्ठीमा उनले निर्वाचनमा अपनाउनुपर्ने आचारसंहिताले निर्वाचन व्यवस्थित र मर्यादित बनाउन ठूलो सहयोग पुगेको बताए । उनले सुरक्षा निकायलाई आचारसंहिताको सफल कार्यान्वयन, सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रणजस्ता कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिए ।

प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नेपाल सरकारका गृहसचिव विनोदप्रकाश सिंह, मधेस सरकारका प्रमुख सचिव कृष्णबहादुर राउत, नेपाली सेनाका रथी सरोजप्रताप राणा, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धानका मुख्य अनुसन्धान निर्देशक हुतराज थापालगायतको सहभागिता थियो ।

गोष्ठीमा सहभागी मधेस प्रदेशका



आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीले जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी गराएका थिए ।

# खेलकूदको संसार

## ब्रह्मज्योति गोल्डकप फूटबल प्रतियोगिताको उपाधि अगम युवा क्लबलाई

प्रस, ठोरी, १८ कात्तिक/

नेपालीहरूको महान् पर्व दीपावली र छठको अवसरमा ब्रह्मज्योति स्पोर्ट्स क्लब, ठोरी–३ द्वारा आयोजित ब्रह्मज्योति गोल्डकप फूटबल प्रतियोगिताको उपाधि अगम युवा क्लब, ठोरी–३, शिकारीवासले जितेको छ । आज सम्पन्न फाइनल खेलमा निर्मल समाज क्लब, ठोरी–१ लाई २–१ गोलअन्तरले शिकारीवास विजयी भएको हो । शिकारीवासको तर्फबाट जर्सी नं १४ का कृपा चौधरीले दुई गोल गरी आफ्नो टीमलाई उपाधि दिलाए । निर्मल समाज क्लबका जर्सी नं २ का मनीष गिरीले एक गोल मात्र गरी उपविजेतामा चित्त बुझाए ।



तस्वीर: प्रतीक

विजेता तथा उपविजेता टीमलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले बधाई तथा शुभकामना व्यक्त गरेका थिए । हजारौं खेलप्रेमी दर्शकहरूको माझमा प्रमुख अतिथि रिजालले आफूले धेरै समयपछि यस्तो उत्कृष्ट खेल प्रत्यक्षरूपमा हेर्न पाएको बताउँदै ठोरीलाई फूटबल खेललगायतका अन्य खेलहरूमा आवश्यक सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा विशिष्ट अतिथि मधेस प्रदेशका निवर्तमान सांसद शङ्करप्रसाद चौधरीले प्रदेश सरकारको तर्फबाट ठोरीमा आधुनिक स्टेडियम निर्माण कार्य भइरहेको हुँदा आगामी दिनमा ठोरीका विभिन्न वडाहरूमा आधुनिक खेलमैदान निर्माण गरिने उद्घोष गरे । अर्का विशिष्ट अतिथि नेपाली काङ्ग्रेसका मधेस प्रदेश महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठले खेलको माध्यमबाट खेलाडीहरूले समाज र देशको नाम राख्ने हुँदा खेलहरूलाई प्रोत्साहन गर्नुपर्ने धारणा राखे । अर्का विशिष्ट अतिथि ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुली रेग्मीले ठोरी गाउँपालिकाका खेलाडीहरूलाई प्रोत्साहन गर्ने तयारी भइरहेको बताइन् । पूर्ववडाध्यक्ष सूर्यबहादुर लामाले आगामी दिनहरूमा पनि यस्ता उत्साहपूर्ण खेल आयोजना गर्न युवाहरूलाई साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आजको खेलको 'म्यान अफ दी म्याच' अगम युवा क्लब, शिकारीवासका जर्सी नं ८ का लक्ष्मण चौधरी घोषित भएको खेल संयोजक हीरा तामाङले जानकारी दिए ।

प्रतियोगिताकै उत्कृष्ट गोलरक्षक शिकारीवासका दिनमन चौधरी घोषित भए भने सर्वोत्कृष्ट खेलाडी निर्मल समाज क्लबका जर्सी नं ११ का रितेश क्षेत्री घोषित भए ।

प्रतियोगिता अवधिमा सबैभन्दा बढी गोल गर्ने खेलाडी शिकारीवासका जर्सी नं १४ का कृपा चौधरीलाई चाँदीको जुत्ता प्रदान गरिएको आयोजक क्लबका अध्यक्ष पन्नालाल विष्टले जानकारी दिए ।

प्रतियोगिताको समापन सत्र खेल संयोजक हीरा तामाङको सभापतित्वमा सञ्चालन भएको थियो भने कार्यक्रममा स्वागत मन्तव्य बुद्धलाल तामाङले राखेका थिए र सहजीकरण सञ्चारकर्मी चिरञ्जीवी सापकोटाले गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिहरूले विजेतालाई रु १ लाख ५ हजार १ सय १ र उपविजेतालाई रु ५३ हजार १ सय १ पुरस्कार प्रदान प्रदान गरेका थिए ।

# ब्रिटानियाका मजदूरलाई पुनर्बहाली गर्न अदालतको आदेश

राधेश्याम पटेल, परवानीपुर, १८ कात्तिक/

वीरगंज–पथलैया औद्योगिक कोरिडोरको परवानीपुरमा सञ्चालित बहुराष्ट्रिय उद्योग ब्रिटानिया नेपाल प्रालिबाट दुई वर्ष पहिले निष्कासनमा परेका ११ जना मजदूरले मुद्दा जितेका छन् ।

श्रम अदालत काठमाडौंमा चलेको मुद्दामा मजदूरहरूको जीत भएको हो । गत कात्तिक ४ गते भएको बहस पैरवीमा श्रम अदालतले निष्कासित मजदूरहरूलाई खाइपाइ आएको सुविधासहित पुनर्बहाली गर्नुपर्ने उद्योगलाई आदेश गरेपछि निष्कासित ११ जना मजदूर खुशी भएका छन् । व्यवस्थापन पक्षले मजदूरको आचरणविपरीत उद्योगमा काम गरेको भन्दै २०७७ असोजमा ११ जना मजदूरलाई गेट रोक्का गर्दै उद्योगबाट निकालेको थियो । त्यस बेला उद्योगमा कार्यरत करीब सयजना मजदूरले मजदूर निष्कासनको विरोध गर्दै हडताल गरेका थिए । हडताल बढ्दै राजमार्गमा समेत चक्काजाम गरिएको थियो । त्यस बेला पर्सा प्रहरी बल प्रयोग गरी राजमार्ग खुलाएको र आन्दोलनलाई मत्थर पारेको थियो । त्यसपछि अन्य मजदूरहरू काममा फर्केको र निष्कासित मजदूरहरू अदालत पुगेका थिए । त्यति बेला उद्योगले रामकिशोर पटेल, श्रीकान्त पटेल, पप्पु गुप्ता, सुनेश महतो, वीरेन्द्र महतो, रवीन्द्र महतो, अजिज मियाँ, लालबाबू महरा, कमोद यादव, सुनील साह र हसुद्दीन देवानलाई उद्योगबाट निकालेको थियो । अदालतको फैसलाबाट मजदूर खुशी भए तापनि यदि उद्योग सर्वोच्च गयो भने मजदूरहरू पुनः मुद्दा मामिला पर्नेछन् । मजदूरहरूको तर्फबाट अधिवक्ता रमेश बरालले बहस गरेका थिए ।

# सालको गोलियासहित दुईजना पक्राउ

प्रस, पर्सागढी, १८ कात्तिक/

पर्सागढी नगरपालिका–९ तेलियाबाट इलाका प्रहरी कार्यालय, एकटाँगाले सालको गोलियासहित दुईजनालाई पक्राउ गरेको छ ।

सोही ठाउँ बस्ने अङ्गद चौधरी र सन्तोष पासवानले बा.११प ५००८ नम्बरको मोटरसाइकलमा एक थान सालको गोलिया लगिरहेको अवस्थामा प्रहरीले दुवैजनालाई पक्राउ गरेको हो । पक्राउ परेका काठ र दुवैजनालाई सबडिभिजन वन कार्यालय, सखुवनियामा बुझाइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।



तस्वीर: सौजन्य

# दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, पर्सागढी, १८ कात्तिक/

बाराको छातापिपरा चोकमा बसले ठक्कर दिंदा एकजना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सागढी नगरपालिका–३ निवासी २५ वर्षीया गुञ्जना श्रेष्ठ रहेको इलाका प्रहरी कार्यालय, जीतपुरले जनाएको छ ।

वाग्मती प्रदेश–०६–००१ ख ०१२२ नम्बरको ट्रकले श्रेष्ठलाई ठक्कर दिंदा उनको घटनास्थलमैं मृत्यु भएको इलाका प्रहरी कार्यालय, सिमराले जनाएको छ । श्रेष्ठको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल, वीरगंज पठाइएको छ ।

यसैगरी, वीरगंज महानगरपालिका–२५ आइसिपीनजीकै एनएल ०१ एडी ४७३८ नम्बरको भारतीय ट्रकको ठक्करबाट एकजना भारतीय चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

मृत्यु हुनेमा ट्रक चालक भारत बिहारका ३० वर्षीय अशोक यादव रहेको प्रहरीले जनाएको छ । कन्टेनर ब्याक गर्ने क्रममा यादवलाई ठक्कर लागेपछि लडेको र कन्टेनरले दुवै खुट्टा किचेर गम्भीर घाइते भएपछि यादवको नेशनल मेडिकल कलेज, वीरगंजमा उपचारको क्रममा बिहीवार मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने चालक भारत बिहार निवासी अजद रजालाई प्रहरीले पक्राउ गरेको छ ।

## के दलितले याद गर्नेछन्....

आभास गर्दैछन् ।

**निवेदन हजारौंको, बजेट हात्तीको मुखमा जीरा**

जनता आवास कार्यक्रमको लागि बर्सेनि हरेक जिल्लामा हजारौंको आवेदन पर्ने गरे तापनि प्रदेश सरकारले कनिका छरेजस्तै बजेट विनियोजन गर्ने गरेको छ, जसले गर्दा जिल्लामा जनता आवास कार्यक्रमको माग अत्यधिक र बजेट अपुग हुने गरेको छ । पर्सामा मात्रै एक हजार घरका लागि आवेदन माग गरिएकामा हजारौं आवेदन पर्ने गर्छ । चालू आवको लागि प्रदेश सरकारले कुल रु ३३.५९ अर्बको बजेट विनियोजन गरेकोमा भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि १८ अर्ब आठ करोड ४५ लाख बजेट विनियोजन गरेको छ, जसमध्ये जनता आवास कार्यक्रममा आठ जिल्लामा गरी झन्डै ६० करोडको मात्र बजेट रहेको मन्त्रालयका कर्मचारीहरू बताउँछन् । जसले मागलाई धान्न नसकेको उनीहरूको धारणा छ । बजेट बढाउन र नीति नियम लाभग्राहीलाई फाइदा पुग्ने गरी निर्माण गर्न माग भइरहेको उनीहरूले बताएका छन् ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सीहरू विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजूरी गरौं ।

**विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमले २०७९ कात्तिक १८ गतेसम्ममा विज्ञापन बोर्डमा सूचीकरण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड